# माध्यमिक तहका बालबालिकामा अभिभावकको वित्तिय लगानी

स्नातकोत्तर तह (एम.एड.) द्वितीय वर्षको शैक्षिक योजना तथा
व्यवस्थापन विषयको आंशिक आवश्यकता परिपूर्तिका लागि
शैक्षिक योजना तथा व्यवस्थापन विभागमा प्रस्तुत

शोधपत्र


शोधकर्ता

गुरुदेव भण्डारी

परीक्षा रोल नं. : २०४००२८

क्याम्पस रोल नं. : ११०

त्रि.वि. दर्ता नं. : ९०४-८३



श्री कनकाई बहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

सुरुङ्गा, झापा

कार्तिक, २०६८

# कृतज्ञता

त्रिभुवन बिश्वबिद्यालय शिक्षा शास्त्र संकाय अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको आंशिक आवश्यकता पूरा गर्ने हेतुले **माध्यमिक तहका बालबालिकामा अभिभावकको वित्तिय लगानी** शीर्षकमा शोधपत्र प्रस्तावना स्वीकृत गरी यस विषयमा शोध कार्य गर्ने अवसर प्रदान गरेकामा श्री कनकाई वहुमुखी क्याम्पस, सुरुङ्गा, झापा प्रति आधार व्यक्त गर्दछु ।

यस शोधपत्र तयार पार्न प्रस्तावना स्वीकृत गरी शोध लेखनको अध्ययनको क्रममा निकट रहि निरन्तर सल्लाह सुझाव र मार्ग निर्देशनका साथ उत्प्रेरणा दिई सहयोग पुऱ्याउने आन्तरिक निरीक्षक आदरणीय श्री ठाकुर रसाइली, कनकाई वहुमुखी क्याम्पस शिक्षा शास्त्र विभाग प्रमुख श्री आशा शर्मा शिवाकोटी, विभागमा आवद्ध अन्य प्राध्यापक ज्यूहरु त्यसै गरी अभिमुखीकरणमा अमूल्य सल्लाह, सुझाव तथा मार्ग दर्शन गर्नु हुने आदरणीय श्री प्राध्यापक डा. वाशुदेव काफ्ले, प्राध्यापक श्री हेमराज ढकाल, कनकाई वहुमुखी क्याम्पसका क्याम्पस प्रमुख टंकवहादुर कार्की प्रति हार्दिक आधार प्रकट गर्दछु । अध्ययनको सिलसिलामा प्रत्यक्ष परोक्ष रुपमा सहयोग पुऱ्याउने नमुना विद्यालयका विद्यार्थी, अभिभावक, प्र.अ., शिक्षक, विद्यालय स्रोतव्यक्ति प्रति सोधसँग सम्बन्धित विभिन्न समस्या र जिज्ञासाहरुको सहज समाधान गर्न सहयोग पुऱ्याउनु भएकोमा सवैलाई हार्दिक धन्यवाद दिन चाहान्छु । शुद्धाशुद्धीमा सहयोग पुऱ्याउने हुने थानेश्वरी ढकाल प्रति आधारी छु ।

अन्त्यमा यो शोधपत्र छपाईका क्रममा सहयोग पुऱ्याउनु हुने श्री तिलक कार्की ज्यूलाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

गुरुदेव भण्डारी

# शोधसार

माध्यमिक तहमा बालबालिकामा अभिभावकको वित्तिय लगानी शीर्षकमा यो शोधपत्र तयार गरिएको हो । यसको मुख्य उद्देश्यमा सामुदायिक र संस्थागत विद्यालयमा अभिभावकले गरेको लगानीको स्थिति विश्लेषण गर्नु रहेको छ ।

वित्तिय लगानी सम्बन्धि सिन्हा, कुँवर, विडारी र बरुवालका शोध तथा लैङ्गिक विभेद सम्बन्धिका लेखहरुको समीक्षा गरिएको छ । मास्लोको आवश्यकता श्रृखला सिद्धान्तको सैद्धान्तिक आधार लिएर यो शोध तयार गरिएको हो । मिश्रित अध्ययनको ढाँचा प्रयोग गरिएको छ । प्रश्नावली, अन्तरवार्ता, अवलोकन र अभिलेख विश्लेषणको माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ ।

गौरादह गा.वि.स.मा सञ्चालित एउटा सामुदायिक विद्यालय र ४ वटा संस्थागत विद्यालयहरु मध्येबाट एक जना स्रोतव्यक्ति, ५ जना प्रिन्सिपलहरुसँग अन्तरवार्ता, १०/१० जना शिक्षक, १०/१० जना अभिभावक र १०/१० जना छात्र छात्राहरुलाई प्रश्नावली मार्फत प्रतिकृया प्राप्त गरिएको छ ।

संस्थागत विद्यालयमा माध्यमिक तह पार गर्दा वित्तिय लगानी बढी गर्नु पर्ने, सामुदायिक र संस्थागत विद्यालयको छात्र छात्राको अनुपात भिन्न रहेको, अभिभावकहरुले बढी प्राथमिकता छोरालाई दिने गरेको, आर्थिक अभावका कारणले मात्र विद्यार्थी सामुदायिक विद्यालयमा आउने गरेको, सामुदायिक विद्यालयका बहुसंख्यक शिक्षकहरुले आफ्ना सन्तान संस्थागत विद्यालयमा पठाउने गरेको जस्ता प्राप्तिहरु मुख्य रहेका छन् ।

आर्थिक रुपमा सम्पन्न र विपन्न परिवारहरुले छोरा र छोरीमा प्राथमिकता निश्चित नगरे पनि मध्यम आर्थिक अवस्था भएका बहुसंख्यक परिवारले छोरालाई प्राथमिकता दिने गरेको निश्कर्ष निस्किएको छ ।

सरकारी स्तरबाट नै सामूदायिक तथा संस्थागत विद्यालयको शैक्षिक स्थिति समान बनाउन आवश्यक नीति तथा योजना निर्माण गरी सामूदायिक विद्यालयको शैक्षिक स्थिति सुदृढ बनाउन सामूदायिक विद्यालयमा पनि माध्यम भाषा अंग्रेजी बनाउन नीति निर्माण तह तथा अभ्यास तह बीच समन्वय गरी आवश्यक कार्यक्रम संचालन गर्नु पर्ने । छोरालाई बढी महत्व दिनु पर्ने प्रचलनमा सुधार गर्न समाजका अगुवा संघ संस्थाहरुले सचेतनामूलक कार्यक्रम संचालन गर्नु पर्ने । समतामूलक समाज निर्माणको लागि सम्पूर्ण नागरीकहरुमा समान स्वेच्छिक अवसर उपलब्ध गराउन आवश्यक कानुनी व्यवस्था सरकारी स्तरबाटै हुनु पर्ने । सरकारले सामूदायिक विद्यालयमा गरेको वित्तीय लगानीको प्रभावकारिता खोज्न तालिम तथा अनुगमन कार्यलाई तिव्र बनाउनु पर्ने देखिन्छ ।

# विषय सूची


| क.सं. | विषय शीर्षक | पेज नंबर |
|---|---|---|
| | शोध निर्देशकको सिफारिस पत्र | i |
| | मूल्याङ्कन समितिको स्वीकृति पत्र | ii |
| | कृतज्ञता | iii |
| | शोधसार | iv |
| | विषय सूची | v |
| | संक्षिप्त शब्दावली | viii |
| | तालिकाहरुको सूची | ix |
| | चित्र सूची | x |

अध्याय एक

परिचय

| | | |
|---|---|---|
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | १० |
| १.३ | अध्ययनको औचित्य | १२ |
| १.४ | अध्ययनको उद्देश्य | १३ |
| १.५ | अनुसन्धानात्मक प्रश्नहरु | १३ |
| १.६ | अध्ययनको परिसिमाहरु | १३ |

अध्याय दुई

सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

| | | |
|---|---|---|
| २.१ | सम्बन्धित साहित्यको पुनरावलोकन | १४ |
| २.२ | सैद्धान्तिक खाकाको अध्ययन | १७ |
| २.३ | शैक्षिक उपादेयता | १९ |

अध्याय तीन

अध्ययन विधि

| | | |
|---|---|---|
| ३.१ | अनुसन्धानात्मक ढाँचा | २१ |
| ३.२ | जनसख्या र नमुना | २१ |

३.३ अध्ययन सामग्री २२

३.४.१ प्रश्नावली २२

३.४.२  अभिलेख विश्लेषण २२

३.४.३ अन्तरवार्ता २२

३.५ तथ्याङ्क संकलन प्रकृया २२

३.६ तथ्याङ्क विश्लेषण प्रकृया २३

## अध्याय चार

## तथ्याङ्क विश्लेषण तथा व्याख्या

४.१ अभिभावकको वित्तीय लगानी स्थिति २६

४.२ छात्र छात्राको अनुपात विश्लेषण २८

४.२.१ गौरादह गा.वि.स.का माध्यमिक विद्यालयहरुमा छात्र छात्राको अनुपात विश्लेषण २८

४.२.२ सामुदायिक र संस्थागत विद्यालयको छात्र छात्राको अनुपात विश्लेषण २९

४.३ वित्तिय लगानीको प्राथमिकता ३१

४.३.१ सामुदायिक विद्यालयका अभिभावकहरुको प्रतिकृया ३२

४.३.२ संस्थागत विद्यालयका अभिभावकहरुको प्रतिकृया ३४

४.३.३ सामुदायिक र संस्थागत विद्यालयका शिक्षकहरुको प्रतिकृया विश्लेषण ३७

४.३.४ सामुदायिक र संस्थागत विद्यालयका छात्र छात्राहरुको प्रतिकृया ४१

४.३.५ सामुदायिक विद्यालयका प्रधानाध्यापकसँगको प्रतिकृया ४४

४.३.६ संस्थागत विद्यालयका प्रिन्सिपल तथा गौरादह स्रोतकेन्द्रका स्रोत व्यक्तिसँगको धारणा ४४

४.४ समस्या समाधानका उपायहरु ४५

# अध्याय पाँच

# प्राप्ति, निष्कर्ष र सुझावहरु


| | |
|---|---|
| प्राप्ति, निष्कर्ष र सुझावहरु | ४६ |
| ५.१ प्राप्तिहरु | ४६ |
| ५.२ निष्कर्षहरु | ४९ |
| ५.३ सुझावहरु | ५० |
| ५.३.१ कार्यान्वयन तह | ५० |
| ५.३.२ नीति निर्माण तह | ५१ |
| ५.३.३ अनुसन्धान तह | ५२ |
| सन्दर्भ सूची | ५३ |
| अनुसूचीहरु | ५४-५९ |

# संक्षिप्त शब्दावलीको सूची

| | |
|---|---|
| प्र.अ. | प्रधानाध्यापक |
| गा.वि.स. | गाउँ विकास समिति |
| क्र.सं. | क्रम संख्या |
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| मा.वि. | माध्यमिक विद्यालय |

# तालिकाहरुको सूची


१. कक्षा ९ को वार्षिक शुल्क विवरण २५
२. कक्षा १० को वार्षिक शुल्क विवरण २५
३. संस्थागत/सामुदायिक विद्यालयहरुले प्राप्त गरेको प्रवेशिका परीक्षाको नजिता २६
४. संस्थागत/सामुदायिक विद्यालयहरुले प्राप्त गरेको प्रवेशिका परीक्षाको श्रेणी २७
५. छात्र छात्राको अनुपात २८
६. सामुदायिक विद्यालयमै विद्यार्थी पढाउने कारण ३२
७. सामुदायिक विद्यालयमा गरी ने वित्तिय लगानी ३२
८. पढाउने विद्यालय ३३
९. सामुदायिक विद्यालयको व्यवस्थापन सञ्चालन ३३
१०. छोरा र छोरीहरुमा गरिने वित्तिय लगानीको प्रतिफल ३४
११. संस्थागत विद्यालयमा विद्यार्थी पढाउनुको कारण ३५
१२. माध्यमिक तह पार गर्दा लाग्ने शुल्क ३५
१३. शैक्षिक लगानीको प्रतिफल ३६
१४. सवै सन्तानलाई संस्थागत विद्यालय पठाउनु भएको छ ? ३६
१५. स्वेछिक लगानीको प्राथमिकता ३७
१६. सन्तान पढाउने विद्यालयको किसिम ३७
१७. सन्तान पढाउने विद्यालयको किसिम ३८
१८. सामुदायिक र संस्थागत विद्यालयको नतिजा ३८
१९. संस्थागत विद्यालयमा विद्यार्थीको चाँप ३९
२०. संस्थागत विद्यालयमा विद्यार्थीको चाँप ३९
२१. माध्यमिक तहको छात्र छात्रा अनुपात ४०
२२. माध्यमिक तहको छात्र छात्रा अनुपात ४०
२३. विद्यालयमा छात्र छात्रा अनुपात ४०
२४. सामुदायिक विद्यालय रोज्नुको कारण ४१
२५. संस्थागत विद्यालय रोज्नुको कारण ४१
२६. सवै सन्तान पढाउने विद्यालय ४२
२७. सामुदायिक र संस्थागत विद्यालयको अन्तर ४२
२८. कक्षामा छात्र छात्राको अनुपात ४३
२९. कक्षामा छात्र छात्राको अनुपात ४३
३०. विद्यालयमा छात्र छात्राको अनुपात समान नहुनुको कारण ४३

# चित्रहरुको सूची

१. विद्यालयगत छात्र छात्राको अनुपात २९
२. माध्यमिक तहमा अध्ययन गर्ने छात्र छात्राको कुल अनुपात ३०
३. सामुदायिक विद्यालयमा अध्ययन गर्ने छात्र छात्राको अनुपात ३०
४. संस्थागत विद्यालय अध्ययन गर्ने छात्र छात्राको अनुपात ३१

# अध्याय एक
# परिचय

## १.१ पृष्ठभूमि

समाजको सामाजिक रुपान्तरण शिक्षाको पहुँच र अवसरमा निर्भर गर्दछ । शिक्षाकै माध्यमबाट समाजले सचेत, सक्षम र सुसूचित नागरीकको परिकल्पना गरेको हुन्छ । यसका अतिरिक्त शिक्षाले राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका उत्पादनशिल जनशक्ति निर्माण गर्दछ । त्यसैले शिक्षा, सामुहिक तथा आर्थिक विकासको आधारसिला हो । यसर्थ, आधुनिक समाजले शिक्षालाई भावी पुस्ताको सामाजिकीकरण गर्न, नागरीक योग्यताको विकास गर्न, मानवीय मूल्य, मान्यता र अन्तराष्ट्रिय भावनाको कदर गर्न, नागरी कको आर्थिक क्षमता अभिवृद्धि गर्न, प्राकृतिक स्रोत, सामाजिक परमपार र संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्नका साथै राष्ट्रप्रति प्रेम र श्रमप्रति सम्मान गरी नयाँ ज्ञान, सीप र प्रविधिको विकास एवं उपयोग गर्ने वहुआयमिक साधनको रुपमा लिएको पाइन्छ ।

शर्मा (२०५७) का अनुसार गुरुकुल, रजकुल, पितृकुल, ऋषिकूल पद्धतिबाट शुरु भएको नेपालको प्राचीन शिक्षा व्यवस्था लिच्छवीकालमा शिक्षाको क्षेत्रमा व्यापक विकास र विस्तार भएको हामी पाउँछौं । नेपाली विद्यार्थीहरुले वेद व्याकरण, न्याय, दर्शन, साहित्य, ज्योतिष आदि विषयमा त्यसवेला ख्याती प्राप्त गरेका नालन्दा र विक्रमशीला विश्व विद्यालयमा समेत अध्ययनका लागि नामक कहलाएका थिए । मल्ल कालमा राजा जयस्थिति मल्लले शिक्षा केन्द्रहरुमा समेत व्यवसायिक शिक्षा प्रचार गरेकोले मल्लकालमा विशेष गरी ललितकला, वास्तुकला साहित्य संगित र शिक्षा क्षेत्रमा विकास भएको पाइन्छ । एकिकरण पूर्व वाइसे चौविसे राज्यमा समेत **शास्त्र हराए कि जानु कास्की, कि जानु काशी र न्याय हराए गोरखा जानु शिक्षा हराए कास्की जानु** जस्ता महत्वपूर्ण उद्गारले शिक्षाको व्यापक विकास र विस्तार भएको पाउँछौ । शाह कालमा तत्कालिन श्री ५ वडा महाराजाधिराज पृथ्वीनारायण शाहले छात्रवृत्तिको श्रीगणेशगरी शिक्षा प्रति जन आकर्षणको प्रयास गरेको पाइन्छ । पृथ्वीनारायण शाह भन्दा पछि दरवार भित्र विभिन्न गृहकलहका कारण शिक्षामा केही मन्दता छाएपनि जंगवहादुर राणाले भयँकर नरसंहार गरी कोत हत्याकाण्ड पश्चात प्रधानमन्त्री भएकाले वेलायत भ्रमणको अनुभवले वि.सं. १९१० आश्विन २७ गते अंग्रेजी शिक्षाको दरवार हाइस्कूल स्थापना पश्चात मात्र औपचारिक शिक्षाको थालनी भयो । त्यस पश्चात अंग्रेजी र संस्कृत विद्यालय क्रमश: खुल्दै गए । अझ देवशमशेरको पालामा त १०० भन्दा बढी भाषा पाठशालाको स्थापनाले शिक्षा क्षेत्रमा व्यापक विस्तार भएको पाइन्छ ।

बझाङ्गी राजा जय पृथ्वीवहादुर सिंहले अक्षराङ्क नामक पुस्तक लेखी औपचारिक पाठ्यपुस्तकको शुरुवात भएको देखिन्छ । चार पासे, ६ पासे नेपाली भाषा प्रकाशिनी समिति स्रेस्ता पाठशाला, पास जाँच अड्डा, कन्या स्कूल, वि.सं. १९७५ सालमा त्रि-चन्द्र कलेज, १९८७ मा टेक्निकल स्कूल, १९९० मा एस.एल.सी. परीक्षा वोर्ड, वि.सं. १९९६ मा प्रकाशित शिक्षाको इस्तीहार, प्राथमिक पाठ्यक्रम जस्ता पक्षहरु राणा कालमा भएको महत्वपूर्ण सुधारहरु हुन् । वि.सं. १९९८ मा विद्यालय निरीक्षकको नयाँ शुरुवात जस्ता पक्षहरु रहे पनि २००७ सालमा प्रजातन्त्रको प्राप्ती पश्चात कस्तो किसिमको शिक्षा दिने भन्ने विषयमा २०११ सालमा भएको राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदनले केही प्रणालीगत व्यवस्था गरेको देखिन्छ । शिक्षा सम्बन्धी गठित विभिन्न समितिले दिएको प्रतिवेदनका आधारमा वि.सं. २०२८ सालसम्म शिक्षालाई आधुनिकीकरण तर्फ धकेल्दै लगेको पाइन्छ । वि.सं. २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजनाले शिक्षालाई व्यवसायिकतामा जोड दिइ शिक्षालाई सरकारीकरण गरी  जनसहभागितालाई कम जोड दिएकोले वि.सं. २०३७ सालमा सोलाई परिमार्जन गरी  जनसहभागिता वृद्धि गर्ने प्रयास गरेको पाइन्छ (शर्मा, २०५७)

काफ्ले र अन्यका अनुसार वि.सं. २०४६ सालमा राष्ट्रिय जनआन्दोलन भई देशमा ३० वर्षदेखि सत्तामा रहेको पञ्चायती व्यवस्थाको अन्त्य भयो । २०४६ सालको राष्ट्रिय जन आन्दोलनले प्रजातन्त्रको स्थापना गरी पछि नेपाल अधिराज्यको संविधान २०४७ द्वारा सुरक्षित मानव अधिकार तथा प्रजातान्त्रिक मुल्य  मान्यताका साथै सामाजिक न्याय, शिक्षाको समान अवसरका धारणा, राष्ट्रिय आकांक्षा तथा अन्तराष्ट्रिय सन्दर्भलाई समेत मननगरी विगतका कमि कमजोरीहरुको निराकरण गर्नुका साथै राष्ट्रिय शिक्षाको उद्देश्य प्रष्ट गरी नीति निर्धारण गर्नका निम्ति श्री ५ को सरकारलाई सुझाव प्रस्तुत गर्न अन्तरिम कालमा वि.सं. २०४७ साल फागुन १४ गते राष्ट्रिय शिक्षा आयोग गठन भयो । यस आयोगलाई तत्कालिन शिक्षा मन्त्रीको अध्यक्षतामा २०४८ साल श्रावण १६ गते पुनर्गठन गरी यो । यस पुनर्गठित आयोगले सदस्यहरु अथक प्रयासबाट २०४९ सालमा “राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९” का नाममा यो प्रतिवेदन जन समक्ष आयो । यस प्रतिवेदनले पेश गरेको शैक्षिक संरचनामा कक्षा ९ र १० लाई माध्यमिक तह मानेको छ । शिक्षाको गुणस्तर सम्वर्द्धनका लागि निजी क्षेत्रमा विद्यालय, महाविद्यालय, उच्च शैक्षिक संस्थाहरु र विश्व विद्यालयहरुको स्थापना गरी  सञ्चालन गर्न प्रोत्साहित गर्ने नीति लिएको छ (काफ्ले र अन्य, २०६०)

नेपालको शैक्षिक इतिहासको उपरोक्त सिहांवलोकनबाट के प्रष्ट हुन्छ भने राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ ले शिक्षालाई राष्ट्रियकरण गर्न जोड दिएको थियो भने राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदनले शिक्षालाई निजी क्षेत्रमा सञ्चालन गर्ने द्वार हदै सम्म खुल्ला गरी  दिएको थियो । यसले गर्दा नेपाली समाजमा २ थरीका शैक्षिक संस्थाहरु देखा परे । यी विद्यालयहरुलाई सामुदयिक र संस्थागत विद्यालयको नामले पहिचान गर्न सकिन्छ ।

काफ्ले र अन्यका अनुसार शिक्षाको अर्थशास्त्रसँग नजिक रहेर छलफल गर्दा शिक्षालाई आर्थिक वस्तु मानिन्छ । आर्थिक वस्तु  त्यो हो जसलाई प्राप्त गर्नको लागि मूल्य चुकाउनु अनिवार्य हुन्छ अथवा शिक्षाले लगानीको माग गर्दछ । अर्थशास्त्रको परिभाषामा प्रकृतिका जताजतै निःशुल्क रुपमा पाइने वस्तुहरु आर्थिक वस्तु होइनन् । जस्तै खुला हावा, नदीको  पानी, ढुङ्गा माटो, वालुवा, प्राकृतिक वन सम्पदा आदि वस्तुहरु प्रकृतिको देन भएता पनि मानिसको पहुँचसम्म आइ पुग्न कुनै न कुनै मूल्य चुकाउनु पर्छ । त्यतिवेला यी वस्तुहरु निःशुल्क हुन सक्दैनन् । तसर्थ यिनीहरुलाई आर्थिक वस्तुको रुपमा लिइन्छ । दुलर्भ वस्तुहरुलाई समुचित रुपमा मानवीय चाहना र आवश्यकताका लागि उपभोग गरी न्छ भने ती सवै आर्थिक वस्तु हुन् । अर्थशास्त्रले शिक्षालाई आर्थिक वस्तुको रुपमा लिएको छ । शिक्षा क्षेत्रमा गरेको लगानीबाट प्राप्त प्रतिफलद्वारा समाज राष्ट्र हुँदै विश्व समुदायका प्रत्येक क्षेत्र प्रभावित हुन्छन् । जस्तै शिक्षक, शिक्षाविद्, डाक्टर, इन्जिनियर, कानुनविद्हरु, प्राविधिक जनशक्ति आदि (काफ्ले र अन्य, २०६६) ।

शिक्षाले लगानीको माग गर्ने भए पछि आउने अर्को सवाल हो लगानी कसले गर्ने ? जसरी अर्थशास्त्रमा वस्तु तथा सेवाहरुको माग र पूर्तिको लेखाजोखा गरी न्छ त्यसरी नै शैक्षिक लगानीलाई पनि माग र पूर्तिका आधारमा विश्लेषण गर्न सकिन्छ । विशेष गरी शैक्षिक लगानीका दुइवटा पाटाहरु छन् । ती पाटाहरु हुन् लगानीको आपूर्ति पक्ष (Supply side financing) र माग पक्ष  (Demand side financing) (Lohani, 2001) लगानीको आपूर्ति पक्षमा शिक्षक तलव, भत्ता, भवन निर्माण लगायतका मसलन्द खर्च सरकारको जिम्मामा रहेको हुन्छ भने माग पक्षमा लागत प्रतिफलको विश्लेषण गरी  समुदायका व्यक्तिको मागको आधारमा शिक्षाको विस्तार गरी न्छ । यस प्रणाली भित्र समुदायले प्रत्यक्ष मुल्य, अप्रत्यक्ष मुल्य चुकाउनु पर्छ । प्रत्यक्ष मुल्यमा किताव, कापी, पढाइ शुल्क र शैक्षिक सामग्रीहरु पर्दछन् । अप्रंत्यक्ष मुल्यमा चाहिं व्यक्तिले अवसरको मुल्य वा गुमेको आम्दानी (Opportunity cost or sacrific cost) समेत चुकाउनु पर्छ । यस परिवेशमा हाम्रो वर्तमान शिक्षा प्रणाली

आपूर्ति पक्षमा आधारित छ भन्न सकिन्छ तर यदि शिक्षा प्रणालीलाई गुणस्तरिय पहुँच योग्य बनाउने हो भने माग पक्षसँग आवद्ध गर्नु पर्दछ ।

आचार्य र खनालका अनुसार धेरै जसो विकाशोन्मुख मुलुकमा शैक्षिक लगानीको साझेदारी (cost sharing) सम्बन्धी चिन्तन बढी रहेको छ । साझेदारी भन्नाले शैक्षिक खर्च समुदाय, परिवार र सरकारले संयुक्त रुपमा जुटाउने प्रकृया हो । यदि समुदाय वा अभिभावकले शिक्षाको लागत वमोजिम सम्पूर्ण खर्च वहन गर्छ भने त्यसलाई लगानीको पूर्ण असुली (Full cost recovery) भनिन्छ तर त्यसको विपरित समुदाय वा अभिभावकले शिक्षाको खर्च कुनै पनि लागत साझेदारीता गर्दैन भने त्यसलाई शुन्य लागत आपुरण (Zero cost recovery) भनिन्छ । चाहे विकसित होस् या अल्पविकसित जुन सुकै सरकारले शिक्षाको पूर्ण जिम्मेवारी लिन सक्दैन । यस्तो परिप्रेक्ष्यमा लगानीमा साझेदारी गर्ने अवधारणा उपयोगि हुन्छ । यसो गर्नाले शिक्षामा सरकारी लगानीको वोझ कम हुन्छ । लगानीको पूर्ण असुलीको सिद्धान्त (Full cost recovery Approach) वमोजिम अगाडी बढ्न सम्भव हन्छ (आचार्य र खनाल, २०६३)

नेपालको वर्तमान परिवेशमा माध्यमिक तहको शिक्षा आर्जन गर्ने २ वटा विकल्पहरु छन् । संस्थागत र सामुदायिक विद्यालय मध्ये एउटा रोज्नु पर्छ अभिभावकले । संस्थागत विद्यालयहरु full cost recovery को सिद्धान्त अनुसार चल्ने शैक्षिक संस्था हुन् । त्यहा अध्ययनको सम्पूर्ण शैक्षिक खर्च अभिभावकको जिम्मेवारी हुन आउँछ । अर्को तर्फ सरकारले सम्पूर्ण शैक्षिक लगानी गर्ने र अभिभावकको लागि शुन्य लागत आपुरण हुने विद्यालय सामुदायिक विद्यालयहरु हुन । लागतको दृष्टिकोणबाट हेर्दा पाठ्य पुस्तकको खर्च पनि सरकारले नै वेहोर्ने स्थिति वनि सकेको छ सामुदायिक विद्यालयमा तर उपलब्धीको दृष्टिकोणबाट हेर्दा संस्थागत विद्यालयहरु सामुदायिक विद्यालय भन्दा धेरै माथि रहेको तथ्याङ्क पाइन्छ । माध्यम भाषा अंग्रेजी भएको र कामको संसार विश्वव्यापी भएको वर्तमान परिवेशमा अभिभावक आफ्ना सन्तानको भविष्य सुनिश्चित गर्न र समायोजित जीवनको चाहना राखेर आफ्ना नानीहरुलाई पहिलो रोजाइको रुपमा संस्थागत विद्यालयको शिक्षा दिन चाहन्छन् । यसले वर्तमान परिवेशमा सामुदायिक विद्यालयहरुलाई ठूलो चुनौती पनि पेश गरी रहेको छ । सरकारको शैक्षिक लगानीको प्रभावकारितामा प्रश्न चिन्ह खडा गरेको पाइन्छ ।

खनालका अनुसार गुरुकुल शिक्षाको लगानीकर्ता घरपरिवार थियो । सिधा दिने परम्परा थियो । त्यही सिधाले गुरु पालिन्थे । अर्को परम्परा विद्यार्थी स्वयंले आर्जन गर्ने थियो । भीक्षादान गरेर आर्जन गर्ने गुठी अर्को परम्परा थियो । यी परम्परासँगै अन्य परम्पराहरु पनि आए । जमिनबाट आर्जन गरेर शिक्षक पाल्ने परम्परा । हुने खानेले शिक्षक पाल्ने परम्परा । समूहमा मिलेर शिक्षक दिने परम्परा । राष्ट्रकै ढुकुटी पनि यदाकदा शिक्षामा लगानी गर्ने गरेको देखिन्छ तर आधुनिक शिक्षाले भने अर्कै परम्परा ल्यायो । राज्यको ढुकुटीबाट विद्यालयलाई अनुदान दिने परम्परा शुरु भयो (खनाल, २०६०)

वि.सं. १९१० सालमा दरवार स्कूलको स्थापना पश्चात् नेपालमा आधुनिक शिक्षाको थालनी भयो । हुन त तत्कालिन शासक वर्गका छोराछोरीहरुलाई मात्र शिक्षा दिने उद्देश्यले यसको स्थापना भएको थियो । नेपालमा शिक्षा (सन् १९६५) नामक प्रतिवेदना अनुसार वि.सं. १९३४ सालतिर रणोद्धिप सिंहले रानीपोखरीको उत्तरपट्टिको टहरामा ७/८ अध्यापक नियुक्त गरी व्यवस्थित रुपमा यो पाठशालाको सुरुवात गरे । त्यही नै विद्यार्थीलाई व्याकरण, काव्य, ज्योतिष विषयमा संस्कृत भाषामा शिक्षा दिने प्रवन्ध गरे । पछि वीरशम्शेरको पालामा रानीपोखरीको पश्चिम भागमा भवन बन्यो अनि दरवारमा रहेको अंग्रेजी पढाउने स्कूल र रानीपोखरीको उत्तरको टहरामा भएको संस्कृत पाठशाला एउटै भवनमा तल माथि सञ्चालन गर्ने गरी वि.सं. १९४८ सालमा सारियो । यसरी सर्वसाधारणका लागि आधुनिक शिक्षाको सुव्यवस्थित जग बस्यो । वि.सं. १९५८ सालमा देव शम्शेरले जताजतै शिक्षाको प्रचार गराउने उद्देश्यले चार भन्जाङ्ग भित्र र पहाड तर्फ पोखरा, पाल्पा, धनकुटामा समेत गरी ५७ वटा प्रारम्भिक पाठशाला खडा गरेका थिए । वास्तवमा दरवार स्कूलमा सर्वसाधारण जनताका छोराहरुले वि.सं. १९४२ सालदेखि (प्रधानमन्त्री वीर शम्शरको पालामा) मात्र प्रवेश पाएका थिए ।

शुरुमा दरवार स्कूल (अंग्रजी प्रारम्भिक स्कूल) स्थापना भए पछि त्यसको दैनिक पठनपाठन खर्च के कसरी मिलाईएको थियो भन्ने कुराको त्यति स्पष्टता पाइदैन । तथापि विद्यालयको सुपरिवेक्षण र सञ्चालनको जिम्मा Mr. Canning/ Mr. Rose लाई दिएको पाइएकोले नीजहरुको तलव, भत्ता तथा प्रशासनिक खर्च दरवारकै कोषबाट वेहोरिएको हुन सक्ने अनुमान गर्न सकिन्छ । (खनाल, २०६०)

शर्मा (२०५७) का अनुसार वि.सं. १९३४ साल श्रावण १ गतेदेखि रु. २०० का दरले तलव खाने गरी दरवार स्कूलमा हेडमास्टरको नियुक्ती गरिएको थियो । उनलाई वर्षको

रु. २४०० का दरले दिइएको थियो । त्यसै गरी वि.सं. १९४३ साल आश्विन २१ गतेदेखि असिस्टेण्ड हेडमास्टरलाई सालको रु. २४६० र दर्शन भेट रु. ३४ पाउने गरी नियुक्ती गरेको देखिन्छ । यसका अतिरिक्त देव शम्शेरले सर्वसाधारण जनतालाई दरवार स्कूलमा भर्ना हुन प्रोत्साहित गरेता पनि त्यसको परिणाम अर्कै निस्क्यो । राणा र जनतामा छोरा एउटै बेञ्चमा बस्न मानेनन् र स्कूल जानै छाडिदिए । त्यस वखत छोईछिटोको प्रथा पनि रहेकोले दरवार स्कूलमा विद्यार्थी संख्या घट्न थाल्यो । सरकारले त्यस परिस्थितिको सामना गर्न दरवार स्कूलमा भर्ना हुन चाहने विद्यार्थीहरुलाई वर्षको ९ मुरी धान र महिनाको ५ रुपैया भत्ता तथा फागु खेल्न केही खर्च र दिउँसो खाजा खुवाउन गुठीको समेत व्यवस्था गरेको थियो । शर्माकै अनुसार वि.सं. १९८७ सालताका योग्यता अनुसार शिक्षकहरुको वार्षिक तलव तोकिएको थियो । त्यतिवेला एम.ए. लाई रु. १८००, वि.ए. लाई रु. १२००, आ.ए. लाई रु. ९०० र म्याट्रिकलाई रु. ६०० तोकिएको थियो । यसभन्दा अघि १९८४ मा वारा जिल्लाको भवानीपुरमा तीनजना अस्थायी शिक्षकको दरवन्दी सहित श्री ३ चन्द्र मिडिल स्कूल स्थापना भयो । यस विद्यालयको प्रधानाध्यापकलाई मासिक कम्पनी रु. २०, दुई शिक्षकलाई प्रतिव्यक्ति कम्पनी रु. १५ र पियन तथा भान्छेलाई कम्पनी रु. ७ का दरले तलव दिएको थियो । यसरी श्री ३ चन्द्र शम्शेरले दरवन्दी समेत स्कूल स्वीकृत गरी दिएका थिए (आचार्य र खनाल, २०६३)

नेपालको शैक्षिक इतिहास नामक पुस्तक (शर्मा, २०५७) अनुसार वि.सं. १९७२ को प्रथम विश्वयुद्ध र वि.सं. १९९० सालको महाभूकम्प पछि व्रिटिस गोर्खा फौजी जवान र सर्वसाधारण व्यक्तिमा जनचेतना फैलदै आयो । यस्तै भारतमा मात्मागान्धीबाट प्रेरित भएर स्थापना भएको राष्ट्रिय विद्यँपिठको प्रभाव नेपालमा पनि पर्न गयो । काठमाण्डौ उपत्यका वाहिर आफ्ना केटाकेटीको पढाईमा सचेत अभिभावहरुले विद्यालय चलाउने अभिप्रायले अनुमती वेगर पनि स्कूल खोली पठनपाठन गर्न थाले । यसै सिलसिलामा वि.सं. १९८६ मा आदर्श विद्यालयको स्थापना भयो । यस विद्यालयमा चन्दा संकलन गरी लड्काहरुलाई पढाउने व्यवस्था गरिएको थियो । यस वाहेक कम्पनी रकम रु. ३५०० वार्षिक रुपमा ठेकिएको थियो । यस वाहेक कम्पनी रकम रु. १२०० थप भएमा चन्दा उठाउनु नपर्ने भनी श्री ३ का हजुरमा थप मद्दतका लागि जाहेर भई वि.सं. १९९५ सालदेखि उक्त रकम समेत थप भई निकासा भएको पाइन्छ । पछि श्री ३ जुद्ध शम्शेर समक्ष ठेकिएको निकासाबाट स्कूलको काम चलाउन मुस्किल परेको जाहेर भएपछि “चन्दा दिन चाहनेसँग राजीखुसीले

दिएको चन्दा लिए हुन्छ" भनी हुकुम भए पछि विद्यालय शिक्षामा उद्योगपति, व्यापारी, साहु महाजन आदिको संग्लनता वढ्न थाल्यो । यसरी वि.सं. १९९५ भन्दा अगाडिको घटनाक्रमलाई केलाउँदा विद्यालय शिक्षा सर्वसाधारणको पहुँचभन्दा ज्यादै टाढा थियो । सरकारी तहमा भने जे जति स्कूलहरु खुले, ती सवैको खर्चको चाँजोपाँजो हुकुमी शासन अन्तरगत एकमुष्ठ केन्द्रिय वित्त प्रणाली (Block grants through central financing system) मा आधारित राज्यको दायित्व (State supported) भित्र पर्दथ्यो (शर्मा, २०५७)

शिक्षाको विस्तारसँगै विद्यालयका वित्तिय अवस्थाको कुरा गर्दा वि.सं. १९९६ सालमा जारी गरिएको शिक्षा ईस्तिहारको सामान्य उल्लेख गर्नु पर्ने हुन्छ । ईस्तिहारले मधेस र पहाडमा प्राथमिक शिक्षाको पहिलो श्रेणीदेखि दशौं श्रेणीसम्म विद्यार्थीलाई महिनावारी फि तोकिएको थियो । प्राथमिक तहको दुई श्रेणीको दर मोरु ३२।- थियो भने नवौं र दशौं श्रेणीको दर मोरु ३ तोकिएको थियो (शर्मा, २०५७) । हरेक सालको अन्त्य जम्मै हरहिसाव खडा गरी पाठशाला वन्दोवस्तमार्फत डाईरेक्टर जनरलका हजुरमा जाहेर गर्नुपर्दथ्यो । ईस्तिहारले २०% गरिव विद्यार्थीलाई विना शुल्क पढाउने बन्दोवस्त समेत गरेको थियो । त्यतिवेला विद्यालय सञ्चालनमा सरकारको सहयोग निम्नलिखित आधारहरुमा तय गरेको पाइन्छ : स्कूलको उपलब्धी वा स्कूलमा खुलेका कक्षाको गन्ती, स्कूलका लड्काहरुको संख्या, स्कूलका मास्टरको संख्या र तिनीहरुको ल्याकता, स्कूलको लोकप्रियता ।

शिक्षा प्रति जनताको चासो वढ्दै गएपछि वि.सं. २००६ सालसम्ममा देशका विभिन्न स्थानमा जनस्तरबाटै खर्च वेहोर्ने गरी पब्लिक स्कूलहरु खुले । स्कूल चलाउन सक्ने आर्थिक व्यवस्थाको प्रत्याभूति नहुन्जेल स्कूल स्वीकृति नहुने भएकोले आर्थिक संकलनका लागि शिक्षाको प्रचार प्रसार, चन्दा संकलन, विद्यार्थी बटुल्ने जस्ता कार्यहरु जनस्तरबाटै भयो । यसरी हेर्दा वि.सं. २००७ सालको प्रजातन्त्र पश्चात मात्र नेपालमा आधुनिक शिक्षाको विस्तार भएको देखिन्छ । राजनैतिक परिवर्तन भए पछि जनताले संभ्रान्त परिवार (Elite Faily) मा मात्र सीमित रहेको शिक्षालाई देशको कुनाकाप्चामा समेत पुग्ने गरी आ-आफ्नै जागरुकता (Public initiation) मा भटाभट विद्यालयहरु खोले । त्यस वखत सकारले विद्यालय स्थापनार्थ आन्दोलित समूहको एउटा सदस्य (Cheer-leader) को भूमिका निर्वाह गरी विद्यालय तथा कलेजहरुका लागि वार्षि रुपमा आर्थिक सहयोग (Block grants) माग गर्न एउटा संयन्त्र बनाएको थियो । त्यो संयन्त्रको नाम हो शिक्षा प्रशासन (श्रेष्ठ, १९८०) ।

वि.सं २००७ सालको परिवर्तनले शिक्षालाई प्रजातन्त्रको मूल सिद्धान्त भनी स्वीकार गऱ्यो । परिणाम स्वरुप वि.सं. २००९ सालमा सरदार रुद्रराज पाण्डेको सभापतित्वमा शिक्षा समितिको गठन भयो । यस समितिको प्रतिवेदनमा उल्लेख भएअनुसार विद्यालयहरुका निमित्त अनेकौं आर्थिक स्रोत जुटाइएको थियो ।

केन्द्रिय सरकारले (मालपोत, निकासी महशुल भन्सार, जंगल शुल्क, जीवनोपयोगी चिजहरु र अरु किसिमका करहरुबाट हुने) विद्यालय विकासका लागि सामान्य आम्दानीबाट २००९-१० सालका निम्ति लगभग १८ लाख रुपैया (२,२५,००्डलर) छुट्ट्याएको थियो । मोटामोटी रुपमा त्यसबखतको सरकारी सहायता यसरी वितरण गरिएको थियो । सरकारी अंग्रेजी विद्यालयका लागि २ लाख, आधार पाठशालाका लागि ३ लाख, सरकारी भाषा संस्कृत पाठशालका लागि ४ लाख, महाविद्यालयहरुका लागि २ लाख सहायता र दानका लागि ३ लाख, सरसामानको लागि २ लाख र प्रवन्धकीय खर्चको लागि २ लाख । विशेष गरी स्थानीय सहायताका दुई वटा स्रोत थिए । पहिलो सन र श्रेणीअनुसार विद्यार्थीको पढाई शुल्कबाट प्राप्त आय र दोस्रो ऐच्छिक, तोकुवा अनुरोध अथवा शिक्षामा चाख भएका या तिर्ने सामर्थ्यका आधारमा कर निर्धारण तथा पाठशालामा पढ्ने केटाकेटीका आमाबुबा र अरुबाट आएका चन्दाहरु । यसरी २००९-१० सालतिर ३६,५०,००० (४,५५,००० डलर) सोझै पाठशाला, विद्यालय र  महाविद्यालयहरुमा सरकारी खर्च भएको देखिन्छ ।

CERID (1978) को अध्ययन अनुसार सार्वजनिक शिक्षा तर्फ राज्यको दायित्व वढ्नासाथ सन् १९५१-१९७० को बीचमा शैक्षिक संस्थाहरुलाई तीन किसिमको आर्थिक सहसयोग प्रदान गर्ने नीति लिईयो । ती नीतिहरु :

**पूर्ण सरकारी शैक्षिक संस्था बनाउने :** यस्ता शिक्षण संस्थाको सम्पूर्ण खर्च सरकारको दायित्व भित्र पर्दथ्यो । उदाहरणको लागि त्यस वखतको दरवार स्कूल र त्रिचन्द्र कलेजलाई लिन सकिन्छ ।

**सरकारी आर्थिक अनुदान प्राप्त शिक्षण संस्था बनाउने :** यस्ता शिक्षण संस्थाका लागि सरकारले केही रकम वार्षिक अनुदानका रुपमा दिने गर्दथ्यो । त्यस वखतका पब्लिक हाईस्कूलहरुले यस्तो अनुदान पायदथे । उच्च शिक्षाका लागि रु. २०,००० देखि रु. ४५,००० सम्म अनुदान दिएको पाइन्छ ।

**निजी स्रोतमा सञ्चालित शिक्षण संस्थालाई सहयोग गर्ने :** यस अन्तर्गत भविष्यमा सरकारी आर्थिक अनुदान पाउने हेतुले जनताको आफ्नै अग्रसरतामा खोलिएका शिक्षण संस्थाहरु पर्दथे

। यिनीहरुको प्रमुख आयस्रोत शिक्षण शुल्क, दान दातव्य, चन्दा आदि थियो । यसरी प्रजातन्त्रको उदय पश्चातका दुई दशकमा शिक्षाको अधिक विस्तार भयो । यहि विस्तार कार्यक्रमसँगै लगानीमा साझेदारी (Cost Sharing) को धारणा पनि विकास भएको देखिन्छ ।

राष्ट्रिय शिक्षा पद्धतिको योजनाले शिक्षाको लगानीमा एउटा नीतिगत मार्ग दियो । सो योजनामा उल्लेख भएअनुसार भवन, फर्निचर र अरु खर्चको लागि विद्यालयले स्थानीय स्रोतबाट खर्च उठाउनु पर्ने प्रावधान राख्यो । सरकारले आर्थिक सहायता दिने आधार चाँही विद्यार्थी संख्या, शैक्षिक कार्यक्रम, अतिरिक्त कार्यकलाप र परीक्षाको परीणाम प्रमुख रह्यो । स्थानीय सहयोगलाई प्रोत्साहन हुनेगरी आर्थिक अनुदान उपलब्ध गराउने नीति बन्यो । योजना अनुसार तोकिएका दुर्गम स्थानका प्राथमिक विद्यालयहरुमा शिक्षकको तलव र अरु खर्च पनि सरकारले व्यहोर्ने नीति थियो । त्यसै गरी तोकिएको दुर्गम स्थानका निम्न माध्यमिक विद्यालयका शिक्षकको सम्पूर्ण तलव सरकारले व्यहोर्ने र अरु ठाउँका शिक्षकको तलव भत्ताको ७५ प्रतिशत मात्र सरकारले व्यहोर्ने व्यवस्था थियो । माध्यमिक शिक्षकको हकमा तोकिएको दुर्गम स्थानका साधारण माध्यमिक विद्यालय तथा व्यावसायिक माध्यमिक विद्यालयका शिक्षकहरुको पुरै तलव सरकारले व्यहोर्ने र अरु ठाउँका व्यावसायिक माध्यमिक विद्यालयहरुका शिक्षकको ७५ प्रतिशत र साधारण माध्यमिक विद्यालयका शिक्षकको ५० प्रतिशत तलव खर्च सरकारले वयहोर्ने व्यवस्था मिलाइएको थियो । त्यस वखत प्राविधिक विषयका उच्च शिक्षाको सम्पूर्ण खर्च र अरु विषयहरुमा उच्च शिक्षाको हकमा शिक्षक तलवको २५ देखि ५० प्रतिशतसम्म सरकारले व्यहोर्ने गरेको थियो ।

शैक्षिक लगानीको दृष्टिकोणले राष्ट्रिय शिक्षा पद्धतिको योजनालाई मार्गदर्शनका रुपमा लिइए तापनि यसका लगानी प्रकृयाहरु भने विवादरहित बन्न सकेनन् । यो योजनासँगै समुदायको वास्ता नगरी विद्यालयलाई आर्थिक अनुदान दिन शुरु गऱ्यो । फलतः समुदायले विद्यालयमा आफ्नो अस्तित्व गुमेको महशुस गऱ्यो । विस्तारै समुदायको सहयोग घट्दै गयो । फलस्वरुप स्थानीय समुदायको अग्रसरतामा स्थापित विद्यालयहरु पनि सरकारी विद्यालयमा परिणत भए । कालान्तरमा सरकारले थप स्रोतहरु उपलब्ध गराउन सक्ने अवस्था रहेन र विद्यालयहरु स्रोतको अभाव (under-financed) मा गुज्रन बाध्य हुनु पऱ्यो । हुन त योजनाले शिक्षाको लगानीमा सरकार र निजी क्षेत्रको संयुक्त उत्तरदायित्व (Shared Responsibility) लाई अंगिकार नगरेको भने होइन तर बढ्दो शिक्षाको माग र सरकारको सिमित स्रोत र साधनवीच तादाम्यता नहुँदा समन्वय गर्न कठिन पनि भयो ।

राष्ट्रको समग्र विकास शिक्षामा भरपर्ने हुँदा शिक्षामा दीर्घकालिन लगानीको लागि दिगो श्रोत हुन जरुरी हुन्छ । यसो नभएमा आधारभूत शिक्षा सवैको पहुँचमा र उच्च शिक्षामा लागत-आपुरणको सिद्धान्त लागू गर्न सकिदैन । वर्तमान शिक्षामा सरकारी वित्तिय प्रणाली यथावत रहेपनि विद्यालय शिक्षाको हकमा भने २०५८ माघ २५ गतेको शिक्षा ऐन सातौं संशोधनले विद्यालयलाई सरकारी अनुदान पाउने र नपाउने गरी २ वर्गमा विभाजन गरेकोछ । यसर्थ राज्यले नागरिकको शिक्षाको प्रभावकारी व्यवस्थापन गर्न सरकारी लगानीको साथसाथै निजी लगानीलाई पनि प्रभावकारी रुपमा वृद्धि गर्ने नीति लिएकोछ । त्यसै गरी २०४६ सालको जनआन्दोनको सफलता पछि राज्यले शिक्षालाई निजीकरण गर्ने तर्फ प्रोत्साहित गऱ्यो । परिणाम स्वरुप नेपालको शिक्षा क्षेत्र तिव्र गतिमा निजीकरण तर्फ उन्मूख देखिन्छ ।

नेपालको वर्तमान परिवेशमा लैङ्गिक विभेद व्याप्त छ । साक्षरता अवसर र सहभागिताका सूचाङ्कहरुले महिलाको स्थिति पुरुषको तुलनामा दयनीय नै पाइन्छ । भोलिको समाजलाई रुपान्तरण गर्ने हो भने, लैङ्गिक विभेद हटाउने हो भने शैक्षिक लगानीमा वालवालिका बीच विभेद गर्नु हुँदैन । आजका वालवालिकाहरुनै भोलिको समाजका सञ्चालक हुन, विकासका संवाहक हुन् र देशका जनशक्ति हुन् ।

उपरोक्त व्याख्या तथा विश्लेषणबाट के स्पष्ट हुन्छ भने, शिक्षा आर्थिक वस्तु हो, शिक्षाले लगानीको माग गर्दछ । शिक्षामा लगानी गर्ने दायित्व र जिम्मेवारी सरकार अभिभावकहरुको हो । नेपालमा सरकारको पूर्ण लगानी र अभिभावकको पूर्ण लगानीमा सञ्चालन हुने २ थरीका विद्यालयहरु छन् । संस्थागत विद्यालय र सामुदायिक विद्यालय । लैङ्गिक विभेदलाई अन्त्य गर्नु पर्दछ भन्ने आवाज विश्वव्यापी रुपमा बुलन्द भइ रहेको वर्तमान विश्व परिवेशमा नेपालका अभभिावकहरु छोरा र छोरीमा गर्ने शैक्षिक लगानीम विभेद गर्छन या गर्दैनन् ? यो प्रश्नको उत्तर खोज्नको लागि यो अध्ययन केन्द्रित रहने छ ।

## १.२ समस्याको कथन

शिक्षा सरकारले निजीकरणको नीति लिए पछि नेपाली समाजमा २ थरीका विद्यालयहरु अस्तित्वमा छन् । सामुदायिक विद्यालय जाहाँ सरकारले पूर्ण अनुदान उपलब्ध गराउनुका साथ साथै निःशुल्क पाठ्यपुस्तक तथा अन्य छात्रवृत्तिहरु पनि उपलब्ध गराउँछ । संस्थागत विद्यालयहरु जाँहा सरकारले कुनै पनि किसिमको वित्तिय सहयोग उपलब्ध गराउँदैन । सम्पूर्ण व्यवस्थापन विद्यालयले नै गर्नु पर्नेहुन्छ । सो व्यवस्थापनको लागि

आवश्यक पर्ने सम्पूर्ण रकम अभिभावकहरुबाट असुल उपर गरी न्छ । नाफामुखी रुपमा च्याउ झैं पलाएका संस्थागत विद्यालयहरुले अभिभावकहरुबाट विभिन्न वाहानामा मोटो रकम असुली रहेकाछन् ।

माध्यम भाषा अंग्रेजी र निजी व्यवस्थापनका कारण उत्कृष्ट नतिजा प्राप्त गर्न सक्षम भएका संस्थागत विद्यालय सामुदायिक विद्यालयको तुलनामा उत्कृष्ट प्रमाणित भइरहेका छन् । उच्च वर्गका सन्तानहरु अध्यापन गर्ने यी संस्थागत विद्यालयहरुमा शिक्षा गुणस्तरीय त मानिन्छ तर लगानी धेरै गर्नु पर्ने हुन्छ ।

सामुदायिक र संस्थागत विद्यालयले वर्ग भेद त छर्लङ्गै देखाएको छ तर लैङ्गिक विभेद याहा छ, छैन ? यी महत्वपूर्ण विषय हो । के अभिभावकहरु आफ्ना छोरा र छोरीमा समान रुपले शैक्षिक लगानी गर्दछन् या आफै सन्तान माथि विभेद गरेर छोरा र छोरीमा शैक्षिक लगानीमा विभेद गर्दछन् ।

शिक्षा शास्त्र संकायको योजना तथा व्यवस्थापन विभागको विद्यार्थी तथा कार्यरत शिक्षक भएको नाताले शिक्षा र समाजसँग सम्बन्धित विषयमा अनुसन्धान गर्ने चासो पलाएको हो । लैङ्गीग असमानताको अन्त्य नभएसम्म समाजको परिवर्तन सम्भव छैन । लैङ्गिक असमानतालाई अन्त्य गर्नको लागि पुरुष सरह महिलाहरु सक्षम हुन आवश्यक छ । त्यो सक्षमता प्रदान गर्ने शिक्षा मूल अस्त्र हो । आजका वालवालिकालाई शिक्षाको अवसर, पहुँच र लगानीमा भेदभाव नगर्ने हो भने लैङ्गीग विभेदको मात्रा घट्न सक्छ तर त्यसको सुरुवात व्यक्ति तथा परिवार बाटै हुनु पर्दछ । अन्यथा लैङ्गीग समानता वहस मात्र बन्न सक्छ, व्यवहारमा देख्न सकिदैन ।

सन्तान छोराको रुपमा भए पनि छोरीको रपमा भए पनि आखिर आफ्नै सन्तान हो । तर युग २१ औं शताब्दीमा आई पुग्दा पनि मानिसमा यस्तो चेतनाको विकास भएको पाइदैन । कुनै न कुनै रुपमा अभिभावकहरुले छोरा र छोरीमा गर्ने व्यवहार फरक पाइन्छ । त्यो फरक व्यवहार शैक्षिक लगानीमा पनि भइ रहेको हुन सक्छ । यदि वाल अवस्थामै वालवालिका बीच विभेद गरी यो भने भोलिको सुन्दर समाजको कल्पना पनि गर्न सकिदैन । त्यसैले यसलाई शैक्षिक र समाजशास्त्रीय आधारबाट समस्यामूलक मानिएको हो ।

वाल अधिकार, शिक्षामा पहुँच, अवसर, लैङ्गिक असमानता जस्ता समस्याहरु राष्ट्र र अभिभावकका मूल जिम्मेवारी हुन् । यदि अभिभावक नै आफ्ना सन्तानहरु प्रति विभेदकारी भूमिका खेल्दछन् भने समस्या समाधानको दिशा तर्फ जान सक्दैन । अभिभावकहरुले छोरा

र छोरीमा गर्ने शैक्षिक लगानी समान गरी रहेका छन् ? यो तथ्य समस्यामूलक छ र यसै वारे अध्ययन जारी गरी यो ।

## १.३ अध्ययनको औचित्य

नेपालमा माध्यमिक तहको शिक्षा प्राप्त गर्ने २ थरीका शैक्षिक संस्थाहरु छन् । ती शैक्षिक संस्थाहरु संस्थागत र सामुदायिक विद्यालय हुन् । एउटै शिक्षा नीति तथा एउटै पाठ्यक्रमको आधारमा सञ्चालित भए पनि केही सन्दर्भमा फरकपना पाइन्छ । संस्थागत विद्यालयहरुमा माध्यम भाषा अंग्रेजी छ भने त्यहा सम्पूर्ण शैक्षिक लगानी अभिभावकहरुबाट असुल उपर गरिन्छ । सामुदायिक विद्यालयहरुमा माध्यम भाषा नेपाली छ भने सम्पूर्ण लगानी सरकारले वेहोर्नुका साथै विभिन्न सुविधाहरु प्रदान गरी रहेको हुन्छ । नतिजा विश्लेषणको आधारबाट हेर्ने हो भने सामुदायिक विद्यालयहरु कमजोर देखिन्छन् । गुणस्तरीय शिक्षा, राम्रो नतिजा र विश्वव्यापी कामको संसारमा जान अंग्रेजी भाषाका कारण अभिभावको आर्कषणको केन्द्र बनेका छन संस्थागत विद्यालयहरु । सामुदायिक विद्यालयहरुको अवस्था सन्तोषजनक पाइदैन । त्यसैले उच्च आर्थिक वर्गका व्यक्तिहरु आफ्ना सन्तानलाई शैक्षिक लगानी गरी संस्थागत विद्यालयमा पढाउँछन् भने सामुदायिक विद्यालयमा वाध्यतावस निम्न आर्थिक वर्गका व्यक्तिहरु आफ्ना सन्तानलाई पढाउने गर्दछन् । त्यसैले यी विद्यालयहरुमा वर्गभेद पाइन्छ । यो सामाजिक काल खण्डमा उठिरहेको प्रश्न हो ।

दुई थरीको शैक्षिक अवसरमा वर्गभेद सँगसँगै लिङ्ग भेदको समस्या पनि हुन सक्छ । संस्थागत विद्यालयहरुमा लैङ्गिक सहभागिता समानुपातिक छ या छैन ? सामुदायिक विद्यालयमा लैङ्गिक सहभागिता समानुपातिक छ या छैन ? यी प्रश्नहरु पक्कै पनि औचित्यपूर्ण छन् । यदि हामी लैङ्गिक विभेदलाई अन्त्य गर्न चाहन्छौ भने यि दुवै थरीका विद्यालयमा छात्र छात्राको अनुपात समान हुनु पर्छ । यदि अभिभावकले छोरा र छोरीलाई हेर्ने आँखा एउटै छ भने उनीहरुले शैक्षिक लगानी पनि समान गर्नु पर्छ । कसैलाई काखा र कसैलाई पाखा गर्नु हुँदैन ।

भोलिको सुन्दर समाजको परिकल्पना साकार पार्न वर्तमानमा लगानी आवश्यक हुन्छ । छोरा र छोरी बीच शिक्षामा गरी ने लगानी समान बनाउनु पर्छ विभेद गर्नु हुँदैन भन्ने सन्दर्भमा गरिएको यो अध्ययन, अभभिावक, समाजशास्त्री, शैक्षिक योजनाकार, शैक्षिक

नीति निर्माता, राजनीतिज्ञ, शिक्षक, शिक्षा प्रशासक लगायत शिक्षा तथा समाजसँग सरोकार राख्ने सम्पूर्ण पक्षहरुको लागि अर्थपूर्ण हुन्छ भन्ने मान्यतामा यो अध्ययनको औचित्यलाई पुष्टि गरी यो ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरु तपसील अनुसार छन् :

१. सामुदायिक र संस्थागत विद्यालयको माध्यमिक तहको शिक्षामा अभिभावकको वित्तिय लगानीको स्थिति विश्लेषण गर्नु ।
२. सामुदायिक विद्यालय र संस्थागत विद्यालयमा छात्र छात्राको अनुपात पहिचान गर्नु ।
३. अभिभावकहरुले छोरा र छोरीहरुमा गर्ने वित्तिय लगानीको प्राथमिकता पहिचान गर्नु।
४. वित्तिय समस्या समाधानका लागि सुझाव प्रदान गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

माथि उल्लेखित उद्देश्यहरु पुरा गर्नको लागि निम्नानुसारका अनुसन्धानात्मक प्रश्नहरुमा अध्ययनलाई केन्द्रित गरी यो ।

१. सामुदायिक र संस्थागत विद्यालयमा माध्यमिक तहको अध्ययन गर्न अभिभावकले गर्नु पर्ने शैक्षिक लगानीमा फरक छ ?
२. सामुदायिक तथा संस्थागत विद्यालयको छात्र छात्राको अनुपात कस्तो छ ?
३. अभिभावकहरुले छोरा र छोरीमा गर्ने शैक्षिक लगानीमा विभेद गरेका छन् ?
४. समस्यालाई समाधान गर्ने उपायहरु के के हुन सक्छन् ?

## १.६ अध्ययनको परिसीमाहरु

यो अध्ययन झापा जिल्लाको गौरादह गाविसमा सञ्चालित सामुदायिक र संस्थागत विद्यालयमा गरियो । गौरादह गाविसमा माध्यमिक तह सञ्चालन भएको एक मात्र सामुदायिक विद्यालय र ४ वटा निजी विद्यालयहरु सोध कार्य अन्तर्गत राखियो ।

# अध्याय दुई

# सम्बन्धित साहित्यको पूनरावलोकन तथा सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

कुनै पनि विषयवस्तुको अध्ययन अनुसन्धानका लागि त्यस विषयसँग सम्बन्धित स्रोतहरु जस्तै लेख, रचना, प्रतिवेदन, पुस्तक आदिको अध्ययन अवलोकन गर्नु पर्ने हुँदा माध्यमिक तहका वालवालिकाहरुमा अभिभावकहरुले गर्ने वित्तिय लगानीको प्रवृत्ति विषयमा लेख्न लागिएको शोधपत्रको लागि सम्बन्धित साहित्यको पूनरावलोकन गर्न निम्न शोधपत्र र लेख रचनाहरु समीक्षा गरियो ।

विडारी, (२०६१) का अनुसार मकवानपुर जिल्लाको वित्तिय स्थितिले स्रोतकेन्द्र अन्तरगतका विद्यालयमा शिक्षण सिकाइ कृयाकलापमा पारेको प्रभाव एक अध्ययन शीर्षकको शोध अध्ययन गरिएको छ । यस शोधपत्रको उद्देश्यहरु सामुदायिक विद्यालयका वित्तिय स्रोतको लेखाजोखा गर्नु, स्रोतकेन्द्रमा संलग्न विद्यालयको लेखाजोखा गर्नु र विद्यालयमा वित्तिय स्रोत बढाउने उपायको खोजी गर्नु रहेको पाइयो । यो स्रोतकेन्द्रको अध्ययन विधिमा स्रोतकेन्द्र अन्तर्गतका ३३ वटा विद्यालयलाई Random Sampling को आधारमा ६ वटा विद्यालय छनोट गरी अध्ययन गरेको पाइयो । अध्ययन सामग्रीहरुमा छलफल, सर्वेक्षण, अन्तरक्रिया, प्रश्नावली एवं अन्तरवार्ताद्वारा तथ्याङ्क संकलन गरी विश्लेषण गरेको पाइयो । यस अध्ययनबाट प्राप्त परिणामहरुमा विद्यालय र सरोकारवालहरु बीच सम्बन्ध सुदृढ गर्नु पर्ने, विद्यालयको शैक्षिक एवं भौतिक सुधारहरुमा राज्यले शैक्षिक लगानीमा वृद्धि गर्नु पर्ने र सार्वजनिक विद्यालयको वित्तिय लगानीमा वैकल्पिक सोच हुन पर्छ भन्ने प्राप्तीहरु उल्लेख भएको पाइयो ।

विडारीको यो अनुसन्धानबाट भएका प्राप्तीहरुको पूनरावलोकनबाट सामुदायिक विद्यालयमा लगानी कम भएको कुरा पुष्टि हुन्छ । आफ्नो अध्ययनलाई निष्कर्षमा पुऱ्याइनेछ ।

वरुवाल (२०५६) का अनुसार प्रस्तुत गरिएको काठमाण्डौ जिल्लाका माध्यमिक विद्यालयहरुको शिक्षण सिकाइ कृयाकलापमा प्रधानाध्यापकको भूमिका शोधग्रन्थमा शोधकर्ताद्वारा काठमाण्डौ जिल्लाका माध्यमिक विद्यालय शोध अध्ययन गरेको पाइयो । शोधग्रन्थका उद्देश्यहरुमा विद्यालयको शिक्षण सिकाइ कृयाकलापमा सुधार गर्नु, विद्यालयको

सरोकारवालासँग सम्बन्ध कायम गर्नु, विभिन्न दातृ संस्थाहरुलाई विद्यालयको विकासमा परिचालन गरी  सिकाइ उपलब्धी वृद्धि गर्नु, शिक्षण सिकाइ कृयाकलापमा शिक्षकहरुलाई उत्प्रेरित गर्नु र विद्यार्थीहरुमा शिक्षण सिकाइ प्रति प्रतिस्पर्धात्मक वातावरणको विकास गर्नु रहेको पाइयो । शोधकर्ताले यस शोधग्रन्थमा काठमाण्डौ जिल्ला अन्तर्गतका २४२ माध्यमिक विद्यालय मध्ये ६ वटा संस्थागत र ६ वटा सामुदायिक विद्यालयलाई नमुनाको रुपमा छनोट गरेको पाइयो । अन्तरकृया, अवलोकन, छलफल र सर्वेक्षण, प्रश्नावली जस्ता अध्ययन सामग्रीहरुको उपयोग गरेको पाइयो । तथ्याङ्कको विश्लेषण गरी  प्राप्त तथ्याङ्कै आधारमा उद्देश्य अनुसार तुलना गर्न तालिकीकरण गरी  मध्यमान र प्रमाणिक बीचलन र अनुपातका आधारमा तथ्याङ्क तुलना गरेको पाइयो । यस अध्ययनबाट प्राप्त परिणाममा विद्यालयको शिक्षण सिकाइ कृयाकलापमा प्रधानाध्यापकहरुको भूमिका प्रमुख रुपमा योजना पक्ष, व्यवस्थापन पक्ष, प्रशासनिक पक्ष, कार्यान्वयन पक्ष र मूल्याङ्कन पक्षमा आधारित रहेको पाइयो जसबाट शैक्षिक गुणस्तर सुधार, प्रभावकारी वित्तिय व्यवस्थापन र सरोकारवालाहरुसँग समन्वय कायम गरी  विद्यालयको शिक्षण सिकाइ कृयाकलापमा प्रभावकारिता ल्याउन सकिन्छ भन्ने उल्लेख गरेको पाइयो । आफ्नो शोधलाई निष्कर्षमा पुऱ्याउन यस शोधग्रन्थको पुनरावलोकन गरियो  ।

सिन्हा (२०६०) का अनुसार काठमाण्डौ जिल्लाका माध्यमिक विद्यालयहरुको वित्तिय स्थितिले सिकाइ उपलब्धीमा पारेको प्रभाव : एक अध्ययन शीर्षकको शोध अधयन गरेको पाइयो  । यस सोधका उद्देश्यहरुमा नेपालको शैक्षिक लगानीको ऐतिहासिक स्वरुपको लेखाजोखा गर्नु, माध्यमिक विद्यालयको शिक्षण सिकाइमा प्रभावकारिता ल्याउन शैक्षिक लगानीको भूमिका स्पष्ट गर्नु र माध्यमिक तहका वित्तिय समस्याहरु पहिचान गरी निराकरणका उपायहरुको सुझाव प्रस्तुत गर्नु रहेको पाइयो । अध्ययन विधिमा काठमाण्डौ जिल्ला भित्रका ग्रामीण र शहरी क्षेत्रका विद्यालयहरुलाई systematic random sampling को आधारमा १२ वटा सार्वजनिक विद्यालयहरु छनोट गरी  अध्ययन गरिएको छ । छलफल, अन्तरकृया, सर्भेक्षण, अवलोकन, प्रश्नावली तथा अन्तरवार्ताद्वारा तथ्याङ्क संकलन गरी विश्लेषण गरिएकोछ । यस अध्ययनले, विद्यालयको शिक्षण सिकाइको प्रभावकारीतामा सरकारी वित्तिय नीतिले गहन रुपमा असर पुऱ्याएका, शिक्षाको लागि सरकारी खर्च विनियोजनमा वृद्धि गरीनु, सरकारी विद्यालयको वित्तिय स्थिति ह्रासोन्नोमुख, शिक्षाको गुणस्तरमा कमी आएको, सामुदायिक सहभागितामा कमी आएको, निजी र सार्वजनिक

विद्यालयले दिने शिक्षामा ठूलो विभेद देखिने र आर्थिक लगानीका वैकल्पिक सोच हुनु पर्छ भन्ने जस्ता प्राप्ती तथा सुझावहरु पाइयो ।

कुवर (२०६२) का अनुसार अछाम जिल्लाका प्राथमिक विद्यालयहरुको वित्तिय स्थितिले शिक्षण सिकाइ उपलब्धीमा पारेको प्रभाव एक अध्ययन शिर्षकको शोध अध्ययन गरी यो । यस अध्ययनका मुख्य उद्देश्यहरुमा विद्यालय प्रति विद्यार्थी लागत अनुसार प्राप्त भएको सिकाइ उपलब्धीको तुलनात्मक अध्ययन गरी लेखाजोखा गर्ने, विद्यालयको आर्थिक व्ययभार सरकार, अभिभावक तथा अन्य संघ संस्थाको तुलनात्मक अध्ययन गरी लागत प्रभावकारिताको विवरण प्रस्तुत गर्ने, विद्यालयले गर्ने खर्चको विश्लेषण गरी त्यसले सिकाइ उपलब्धीमा पारेका प्रभाव वारे विवरण प्रस्तुत गरेको पाइयो । यस शोधको अध्ययन विधिमा सम्भाव्यतामा आधारित नमूना छनोट विधिमा आधारित भई अछाम जिल्लाको ग्रामिण क्षेत्रमा २ र शहरी क्षेत्रका २ विद्यालयलाई नमूना छनौट गरी अध्ययन गरी एको पाइयो । अध्ययन सामग्रीहरुमा सर्वेक्षण, अवलोकन, प्रश्नावली, छलफल र अन्तरवार्ताद्वारा तथ्याङ्क संकलन गरी विश्लेषण गर्ने कार्य भएको पाइयो । यस अध्ययनबाट प्राप्त प्रमुख परिणामहरुमा नेपाल सरकारको वित्तिय नीति दुरगामी छैन, शिक्षा क्षेत्रमा छुट्याइएको अन्य क्षेत्रको भन्दा प्राथमिक क्रममा पछाडी परेको, विद्यालयको आय सवैजसो शिक्षक तलव भत्तामा नै खर्च हुने, भौतिक निर्माण र प्रशासनिक कार्यमा निकै कम खर्च हुने, विद्यालयको आर्थिक अवस्था कमजोर भएको कारण शिक्षाको गुणस्तर वृद्धि हुन नसकिरहेको, निजी विद्यालयमा सार्वजनिक विद्यालयको तुलनामा अभिभावकहरु निकै वढी खर्च वेहोर्ने गरेको र सरकारी विद्यालयहरुमा आन्तरिक कुशलता र वाह्य प्रभावकारितामा कमी रहेको उल्लेख गरेको पाइयो ।

पौडेल (२०६२) द्वारा लिखित लेख नेपाल राष्ट्रिय शिक्षक संगठन मकवानपुरद्वारा प्रकाशित शिक्षक वुलेटिनबाट लिइएको हो । यस लेखमा लेखकले शिक्षामा लैङ्गिक समानता र शिक्षणमा महिला सहभागिता शीर्षकमा नेपालको परिस्थितिमा महिलाको अवस्थाको उजागार गर्ने प्रयास गरेका पाइयो । प्रस्तुत लेखमा विभिन्न पेशा व्यवसाय, अध्ययन तह नीति निर्माण तहमा महिला सहभागिता न्युन हुने कारणहरु केलाइ लैङ्गिक समानताको व्यवहारिक पक्षमा विश्लेषण गरिएको छ । लेखकले शिक्षालाई आधारभूत मान अधिकारको रुपमा स्वीकारिए पछि शिक्षामा लैङ्गिक समता (Gender equity) महत्वपूर्ण मुद्दाको रुपमा अगाडि आइरहेको सन्दर्भमा शिक्षा आर्जनमा महिला तथा वालवालिकालाई बढी भन्दा बढी अवसर प्रदान गरी शिक्षामा उनीहरुको पहुँच सुनिश्चित गराई नीति निर्माण तहमा

रोजगारका अवसरहरुमा महिला वर्गको सहभागिता बढाउँदै लैजानु पर्ने कुरालाई औल्याइएको छ । सन् २०१५ सम्मा शिक्षामा लैङ्गिक विभेदको अन्त्य गर्ने राज्यको लक्ष्य प्राप्तीमा ठोस योगदान पुग्ने विश्वासमा लेखकले कलम चलाएको पाइन्छ । मानव जगतको आधारभूत आवश्यकताको सूचीमा रहेको शिक्षालाई व्यवहारिक रुपमा समानता र शिक्षामा महिला सहभागितामा वृद्धि गर्न सरोकारवाला सवै पक्षलाई आब्हान गरिएको पाइन्छ । सामाजिक अन्यायको रुपमा रहेको लैङ्गिक विभेदलाई सन् २०१५ सम्ममा अन्त्य गर्दै समतामूलक समाजको स्थापना गर्न सकिन्छ भन्ने अपेक्षा लेखमा प्रस्तुत गरेको पाइन्छ ।

आचार्य (२०६३) द्वारा लिखित लेख शैक्षिक जनशक्ति विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा प्रकाशित दुर शिक्षा विशेषाङ्कबाट लिइएको हो । दुर शिक्षा तालिम अनुगमनमा लैङ्गिक समानताका प्रश्नहरु शीर्षकमा यो लेख लेखिएको छ । यस लेखमा शिक्षण तथा सिकाइ कार्यमा व्यक्तिको सामाजिक लिङ्गले उसको सहभागिता, लगानी अवसर तथा उपलब्धी चारवटै पक्षलाई प्रभाव पार्ने तथ्य उल्लेख गरिएको पाइन्छ । नेपालले पनि शिक्षामा लैङ्गिक समानता प्राप्त गर्ने लक्ष्य प्रति प्रतिवद्धता जाहेर गरेको पाइन्छ । शिक्षिकाहरुको लैङ्गिक समानता बढाउन विशेष महिलाहरुलाई लक्षित गरी  तालिमका कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने शैक्षिक जनशक्ति विकास केन्द्र निर्णय पनि उल्लेख गरिएको छ । यदि शिक्षामा लैङ्गिक समानता स्थापित गर्ने हो भने तालिम अनुगमनर मूल्याङ्कन प्रकृयामा पनि लैङ्गिक समानता सूचकहरु स्थापित गर्न जोड दिएको पाइन्छ ।

प्रस्तुत समीक्षा गरिएका स्रोत तथा लेखहरुमा शैक्षिक क्रियाकलापको उत्कृष्टताका लागि वित्तिय लगानी र व्यवस्थापन प्रमुख पक्ष रहेको पाइयो । लेखहरुको  पूनरावलोकन गर्दा जनजीविकाका हरेक पाटा पक्षहरुमा महिलाहरुको स्थिति पछाडि रहेको निष्कर्ष निकालिएको छ । तर त्यसको कारणको विषयमा विश्लेषण गरेको पाइएन । यो शोध पत्रले महिलाहरु पछि पर्ने कारणको जरो समात्ने प्रयास गरेको छ । परिवार, समाज तथा राष्ट्रमा महिलाको स्थिति कमजोर हुने कारण उनीहरुमा शैक्षिक लगानी कम भएको हुन सक्छ भन्ने मान्यतामा तयार गरिएको यो शोधपत्र अरु शोधहरु भन्दा पृथक रहेको छ । यसैमा आधारित रहेर अन्य स्रोतहरुको विकास गर्ने पर्याप्त सम्भावनाहरुलाई अगाडि ल्याएको छ ।

## २.२ सैद्धान्तिक खाकाको अध्ययन

कुनै पनि विषय वस्तुको अनुसन्धान तथा शोध कार्य निश्चित सिद्धान्तहरुसँग नजिक रहेको हुन्छ । परापूर्व कालदेखिनै सामाजिक असमानताको एउटा प्रमुख रुप लैङ्गिक

विभेदीकरण हो । त्यो लैङ्गिक विभेदीकरण समाजका सम्पूर्ण पाटा पक्षहरुमा व्याप्त रहेको तितो यथार्थलाई स्वीकार गर्नुपर्छ । शिक्षा क्षेत्रमा देखिने लैङ्गिक विभेदीकरण सूचक छात्र-छात्रा, शिक्षक शिक्षिकाको अनुपात अवसर, संलग्नता र पहुँचमा आधारित हुने गर्दछ । त्यो अवसर पहुँच र संग्लनतामा भेदभाव कदापि हुनु हुँदैन । यो व्यक्ति समाज तथा राष्ट्रको प्रमुख दायित्व हो ।

यो शोध कार्य सामाजिक न्यायको सिद्धान्तमा हदैसम्म नजिक रहेको छ । प्रकृतिले आफूले प्रदान गर्ने हरेक पदार्थहरुको उपयोगमा भेदभाव नराखे जस्तै समाज तथा परिवारले वालवालिकालाई प्रदान गर्ने शैक्षिक अवसर र लगानीमा कुनै भेदभाव गर्नु हुदैन भन्ने सिद्धान्तमा यो शोधकार्य गरियो । अमेरिकी मनोवैज्ञानिक अव्राहम मास्लो (१९४३) अभिप्रेरणा सम्बन्धि सिद्धान्तमा आधारित रहेनछ । लगानी प्रतिफलको सिद्धान्तसँग पनि नजिक रहेर यो शोधकार्य गरियो ।

अमेरिकी मनोवैज्ञानिक अव्राहम मास्लो (१९४३) का अनुसार मानिसका प्रशस्त इच्छा, आवश्यकता र चाहना हुन्छन् । त्यसको परिपूर्ति पश्चात पनि अन्य इच्छा, आवश्यकता र चाहनाहरु थप भै रहन्छन् । मानिसकका कुनै चाहना पूरा हुन सक्छन् तर चाहना र आवश्यकताको पूर्णता कहिल्यै हुन सक्दैन । जुन प्राप्तीका लागि मानिस उत्प्रेरित हुने गर्छ । मानिसका चाहनाहरु अनगिन्ती हुन्छन् जसलाई कार्य क्षमताको आधारमा छुट्याउन सकिन्छ । निम्न स्तरका आवश्यकता परिपूर्ति पछि प्राथमिकता क्रमको आधारमा उच्च स्तरका आवश्यकताको परिपूर्तिका लागि मानिस उत्प्रेरित हुदै जान्छ । (मास्लो, १९४३, कोइराला र श्रेष्ठ २०६३, पृष्ठ १४४ बाट उदृत)

मास्लोको सिद्धान्तको आधारमा उनले प्रस्तुत गरेको आवश्यकताको श्रृङ्खलामा आधारित छ । जुन निम्न क्रमबाट शुरु भएर उच्च क्रमतिर प्रवाहित हुन्छ । ५ वटा भागमा वाँडिएको त्यो श्रृङ्खला क्रमिक रुपमा (क) शारीरिक आवश्यकता (ख) सुरक्षात्मक आवश्यकता (ग) सामाजिक आवश्यकता (घ) स्वाभिमानको आवश्यकता (ङ) आत्म सम्मानको आवश्यकता । शारीरिक आवश्यकताको लागि मानिस उत्प्रेरित हुन शुरु गरेर आत्मसम्मानको तह सम्मको यात्रा गर्न उत्प्रेरित हुन्छ । मास्लोको सिद्धान्तले आवश्यकताको प्राथमिकता क्रम निर्धारण गरेर त्यही क्रम अनुसार मानिस आवश्यकता पूरा गर्दै अघि वढ्छ भन्ने मान्यता राखेको छ । शिक्षा सम्पूर्ण समाजको प्रमुख आवश्यकता वनेको छ । यो सन्दर्भमा छोरा र छोरी मध्ये अभिभावकले प्राथमिकता क्रम कसरी निर्धारण गर्दछन् ?

वित्तिय लगानीमा समानता छ ? जस्ता प्रश्नहरुमा केन्द्रित रहेर यो अध्ययन जारी गरिएको छ । त्यसैले यो अध्ययनको लागि मास्लोको अभिप्रेरणा सिद्धान्तलाई आधार बनाइएको हो ।

शिक्षाको अर्थशास्त्रसँग नजिक रहेर हेर्दा यो शोध लगानी प्रतिफलको सिद्धान्तसँग नजिक छ । कुनै पनि व्यक्तिले लगानी गर्दा प्रतिफलको आशा गर्दछ । आजको विज्ञान र प्रविधिको युगमा सामन्जस्यता पूर्ण जीवनयापन गर्न र कामको संसारमा संग्लन हुन आवश्यक दक्षता प्राप्त गर्ने क्षेत्रमा अभिभावकहरु लगानी गर्न चाहन्छन् । त्यो दक्षता सामुदायिक भन्दा संस्थागत विद्यालयहरु अनुपातिक रुपमा बढी गरी रहेका छन् ।

नेपालको शैक्षिक इतिहास र वर्तमान अवस्थालाई केलाउँदा प्रारम्भमा महिलाहरु शिक्षाको अवसरबाट नै वञ्चित थिए । समयको परिवर्तनसँगै शिक्षा प्राप्तिका लागि महिलाहरु पनि उत्प्रेरित भए र शिक्षा आर्जन गर्न शुरु गरे तर पनि शिक्षामा छात्र छात्राको समान अनुपात प्राप्त गर्न सकिएन । वर्तमान परिस्थितिमा राज्यले गर्ने लगानीमा कुनै भेदभाव नदेखिए पनि दुइ खाले विद्यालयहरुमा देखिने लगानी र उपलब्धीको अन्तर अनुसार अभिभावकहरु संस्थागत विद्यालयको शिक्षा प्रति उत्प्रेरित छन् । त्यो उत्प्रेरणा छात्र छात्राहरुको बीचमा विभेदकारी छ छैन यो अध्ययन गर्नु यस शोधको मूल मर्म रहनेछ । मास्लोले आफ्नो सिद्धान्तलाई पूर्ण रुप प्रदान गर्न आवश्यकतालाई ५ तहको श्रृखलामा राखे । प्रत्येक व्यक्ति एउटा तहको आवश्यकता पूरा भए पछि मात्र दोस्रो तहको आवश्यकता प्रति उत्प्रेरित हुने मास्लोको सिद्धान्तको सार हो । यही प्राथमिकताको क्रम अनुसार माध्यमिक तहको शिक्षामा वित्तिय लगानी गर्नु पर्ने परिस्थिति आउँदा अभिभावकहरुको प्राथमिकताको क्रम छोराबाट शुरु हुन्छ कि छोरीबाट ? भन्ने प्रश्नको उत्तर खोज्न यो अध्ययन केन्द्रित रहेको छ । त्यसैले यो सिद्धान्त मास्लोको सिद्धान्तसँग सम्बन्धित रहेको छ ।

## २.३ शैक्षिक उपादेयता

विभिन्न लेख, रचना, शोधपत्र, सिद्धान्तहरुको अध्ययन गरी शोधपत्र तयार गरी यो । यी सम्बन्धित साहित्यहरुको पूनरावलोकन कार्यद्वारा शोधकर्तामा प्राप्त हुने शैक्षिक दृष्टिकोण नै यसको उपादेयता हो ।

शैक्षिक उपादेयताको रुपमा लेख तथा शोधग्रन्थहरुको अध्ययनबाट नेपालका सामुदायिक विद्यालयहरुमा वित्तिय लगानी कम हुने, सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तर तुलनात्मक रुपमा कम हुने, पितृ सत्तात्मक समाज भएको कारण हरेक निर्णय र परिवेश महिलाको पक्षमा तुलनात्मक रुपमा कम हुने, वाल अधिकारको रक्षा गर्न व्यक्ति समाज तथा राष्ट्र उत्तरदायी बन्नु पर्ने, संस्थागत विद्यालयमा अभिभावको लगानी बढी हुने जस्ता निष्कर्षहरु देखिएका छन् ।

यस सन्दर्भमा हेर्दा लगानी प्रतिफलको दृष्टिकोण, मास्लोको आवश्यकता सृङ्खला सिद्धान्तहरुको शैक्षिक उपादेयता प्रसस्त मात्रामा देख्न सकिन्छ ।

लगानी सम्बन्धी विभिन्न शोध, अध्ययन र अनुसन्धानहरु देखिए पनि अभिभावकले गर्ने लगानीमा लैङ्गिक समानताको प्रश्न बारेमा अध्ययन देखिएन । यो शोधले लैङ्गिक समानताको प्रत्याभूति दिन, समतामूलक समाजको निर्माण गर्न पहिलो पक्षअभिभावकलाई मानेको छ । यसै विषयसँग सम्बन्धित रहेर छात्र र छात्राको वर्तमान अवस्थाको विश्लेषण गरेर यसको कारण पत्ता लगाई दिएका सुझावहरुले लैङ्गिक विभेदको कम हुन सकोस् भन्ने उद्देश्यले यो शोध पत्र तयार गरियो ।

सम्बन्धित साहित्यको पूनरावलोनले व्यक्तिको दृष्टिकोणलाई फराकिलो बनाउँछ । विद्यालयको शैक्षिक अवस्था सुदृढ बनाउनु वित्तिय अवस्था सुदृढ हुनु पर्ने, शैक्षिक लगानी वृद्धि गर्नु पर्ने तथ्यहरु विडारीको शोध पत्रले प्रष्ट पारेको छ । विद्यालयको सम्पूर्ण व्यवस्थापनमा प्रधानाध्यापकको प्रमुख भूमिका रहने तथ्य बरुवालको शोधबाट छर्लङ्ग भएको छ । अन्य शोधहरुले पनि वित्तिय अवस्था मजवुत भए मात्र शैक्षिक उलपब्धि हासिल हुने तथ्य औल्याएका छन् । आचार्य सुसनले लैङ्गिक सहभागिता सन्दर्भमा महिला शिक्षिकाहरुको अनुपात कम भएको उल्लेख गरेको छ । पौडेलले पनि विभिन्न पेशा व्यवसाय तथा नीति निर्माणमा महिलाको सहभागिता न्यून रहेको प्रष्ट पारी दिएको छ ।

उक्त लेख रचनाहरुको समीक्षाबाट शिक्षाको लागि वित्तिय लगानी महत्वपूर्ण रहने र महिलाको अवस्था पछि रहेको प्रष्ट पारेको छ । यही आधारबाट महिलाको अवस्था किन पछाडि रह्यो भन्ने सन्दर्भमा यो खोज गरीएको हुँदा सम्बन्धित साहित्यबाट उपादेयता प्राप्त भएको मानिन्छ ।

# अध्याय तीन

# अध्ययन विधि

## ३.१ अनुसन्धानात्मक ढाँचा

अनुसन्धान एउटा गहन कार्य हो । यसको मुख्य उद्देश्य नै दुइ वा सो भन्दा वढी तथ्य वा सिद्धान्तहरु बीच कारण र प्रभावको सम्बन्ध पत्ता लगाई नयाँ सिद्धान्तको खोजी गर्नु हो । जुन खोजी एउटा खास उद्देश्य तर्फ लक्षित हुन्छ ।

कलिङ्गरका अनुसार “प्राकृतिक प्रकृया बीच पूर्व अनुमानित सम्बन्धहरुको परिकल्पना गरिएको स्वरुप वारे योजनावद्ध, नियमित र प्रत्यक्ष अनुभवमा आधारित र सोधपूर्ण खोजीलाई नै वैज्ञानिक अनुसन्धान भनिन्छ ” (खनाल र मुडवरी, २०६३) । अध्ययन कार्य आफैमा महत्वपूर्ण पनि छ । यस कार्यले समस्यालाई समस्यासँग सम्बन्धित पक्षहरुलाई तथ्याङ्कको आधारमा विश्लेषण गरी निष्कर्षमा पुग्न सकिनेछ । शोध कार्यको लागि विभिन्न अध्ययन विधिहरु विकसित भएको पाइन्छ । यस अध्ययनलाई तार्किक निष्कर्षमा पुऱ्याउन परिमाणात्मक तथा गुणात्मक दुवै किसिमका तथ्याङ्कहरुको विश्लेषण गर्नु पर्ने हुँदा अध्ययनको ढाँचा मिश्रित हुनेछ ।

## ३.२ जनसङ्ख्या र नमूना

शिक्षा समाजशास्त्र तथा व्यवहारिक विज्ञानहरुमा अनुसन्धानकर्ताले कुनै पनि प्रकारको अनुसन्धान गर्दा एक विशिष्ट समुहमा प्रयोग परीक्षण र अध्ययन गरी अनुमान प्रस्तुत गर्दछ । त्यो विशिष्ट समूहलाई जनसङ्ख्या भनिन्छ । त्यो जनसङ्ख्याबाट छानिएको संख्या वा विषयवस्तुलाई नमूना भनिन्छ ।

यो अध्ययन सम्पन्न गर्नको लागि झापा जिल्लाको गौरादह गा.वि.स.मा सञ्चालित सवै माध्यमिक विद्यालयसँग सरोकार राख्ने प्र.अ., शिक्षक, अभिभावक, विद्यार्थीलाई जनसङ्ख्याको रुपमा लिइयो । यस क्षेत्रमा सञ्चालित ५ वटै माध्यमिक विद्यालयका प्र.अ. ५ जना, १०/१० जना शिक्षक, १०/१० जना अभिभावक, १०/१० छात्रा छात्र र १ जना स्रोतव्यक्तिलाई नमूनाको रुपमा छनोट गरी यो । नमूना छनौटको लागि उद्देश्यपूर्ण विधिको अवलम्वन गरियो ।

## ३.३ अध्ययन सामग्री

अध्ययनको उद्देश्य पुरा गर्नको लागि निम्न अनुसारका सामग्रीहरुको निर्माण तथा उपयोग गरियो ।

### ३.४.१ प्रश्नावली

शैक्षिक क्षेत्रमा गरी ने अनुसन्धनमा प्राथमिक तथ्याङ्कको संकलन गर्ने विधिहरु मध्ये प्रश्नावली एक प्रमुख विधि हो । शैक्षिक तथा मनोवैज्ञानिक क्षेत्रमा सवैभन्दा प्रचलित विधि मानिएको छ । यो अनुसन्धानको क्रममा प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावक तथा स्रोतव्यक्तिको लागि छुट्टाछुट्टै प्रश्नावली निर्माण गरियो । जसमा ५ वटा बन्द प्रश्नहरु निर्माण गरियो ।

### ३.४.२ अभिलेख विश्लेषण

यस अन्तर्गत अनुसन्धन कर्ता विद्यालयका विद्यार्थी विवरण, विद्यार्थी भर्ना अभिलेख, विद्यालयको उपलब्धि तथा अन्य तथ्य विश्लेषण गर्न अभिलेख विश्लेषण गरियो ।

### ३.४.३ अन्तरवार्ता

शैक्षिक अनुसन्धानको क्रममा प्राथमिक तथ्याङ्क संकलन गर्ने विधिहरु मध्ये अन्तवार्ता पनि प्रमुख हुन्छ । विद्यालयका ५ जना प्रिन्सिपल र एक जना स्रोत व्यक्तिसँग अन्तवार्ता लिएर सूचना संकलन गरियो ।

## ३.५ तथ्याङ्क संकलन प्रकृया

गौरादह गा.वि.स. का अभिभावकहरुको वालवालिकामा गरीने लगानीको प्रवृत्ति पहिचान गर्न विद्यालयका छात्र छात्राको अनुपात अध्ययन गरियो । सर्व प्रथम सम्पूर्ण विद्यालयमा माध्यमिक तहका अध्ययन गर्ने छात्रा छात्रहरुको तथ्याङ्क लिन विद्यालयसँग सम्पर्क राखियो । यसबाट यो वर्ष गौरादह गा.वि.स.मा अध्ययन गर्ने सम्पूर्ण छात्रा छात्रहरुको संख्या निर्धारण गरियो । तत् पश्चात गौरादह गाविसमा निजी लगानीमा अध्ययन गर्ने सम्पूर्ण विद्यार्थी संख्या र सरकारी लगानी भएको विद्यालयमा अध्ययन गर्ने विद्यार्थी संख्याको तथ्याङ्क प्राप्त गरियो । प्रश्नावली निर्माण गरी सम्बन्धित पक्षलाई भर्न

लगाएर आवश्यक प्राथमिक तथ्याङ्क संकलन गरियो । तथ्याङ्क संकलन गर्न शोधकर्ता स्वयं स्थलगत रुपमा गइयो । कुनै सहायकहरुको व्यवस्था गरिएन ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रकृया

अभिभावकहरुको पहिलो रोजाइको विद्यालय कुन हो ? भन्ने तथ्य पत्ता लगाउन गौरादह गाविसमा संस्थागत विद्यालयमा माध्यमिक तहमा अध्ययन गर्ने र सामुदायिक विद्यालमा अध्ययन गर्ने कुल विद्यार्थीको तालिका निर्माण गरियो ।

गौरादह गाविसमा सञ्चालित ४ वटा संस्थागत र १ वटा सामुदायिक विद्यालयमा छात्र छात्राको अनुपात विश्लेषण गरियो । यो विश्लेषण गर्दा सामुदायिक र संस्थागत विद्यालय कुल छात्र छात्राको अनुपातलाई आधार मानियो । विश्लेषण गर्न तालिका र स्तम्भ तथा वृत्त चित्र निर्माण गरियो । अभिभावकहरुको आकर्षण बुझ्नको लागि संस्थागत र सामुदायिक विद्यालयको प्रवेशिका परीक्षाको नतिजालाई टेवल निर्माण गरी स्तम्भ चित्रमा देखाइयो ।

प्रश्नावली मार्फत आएका उत्तरहरुलाई प्रतिशतमा वदलेर विश्लेषण गरियो । यसको लागि प्रत्येक प्रश्नका विकल्पहरुको वारवारतालाई स्पष्ट पार्न तालिका पनि निर्माण गरियो ।

# अध्याय चार

# तथ्याङ्क विश्लेषण तथा ब्याख्या

शोध अध्ययनलाई तार्किक निष्कर्षमा पुऱ्याउनको लागि विभिन्न स्रोतहरुबाट संकलित तथ्याङ्कहरुको प्रस्तुतिकरण तथा विश्लेषण गर्नु आवश्यक हुन्छ । यो अनुसन्धानको सबैभन्दा महत्वपूर्ण पक्ष पनि हो । तथ्याङ्कहरुको सहि, यथार्थ र वस्तुपरक विश्लेषणबाट नै विषयवस्तुको निष्कर्षमा पुग्न सकिन्छ । यस शोधपत्रमा अध्ययनकर्ताले झापा जिल्ला गौरादह गा.वि.स. अन्तर्गतका अभिभावकहरुले छोरा र छोरीमा गर्ने वित्तिय लगानीको प्राथमिकताको अध्ययन गर्ने जमर्को गरेको छ । विद्यालयहरुको अभिलेख विश्लेषण र उद्देश्य पूर्णरुपमा तयार गरिएको प्रश्नावली र स्थलगत सर्वेक्षणको आधारबाट तथ्याङ्क संकलन गरी प्रतिशतमा बदलेर प्रस्तुत विश्लेषण गर्ने कार्य गरीएको छ । संकलित तथ्याङ्कलाई विश्लेषण गर्दा उद्देश्य र अनुसन्धान प्रश्नहरुको आधारमा विश्लेषण गरीएको छ । केही तथ्याङ्कहरुको व्यवहारिक आधारमा पनि विश्लेषण गरीएको छ ।

## ४.१ अभिभावकको वित्तीय लगानीको स्थिति

### ४.१.१ वार्षिक शुल्क विश्लेषण

कम्पनी ऐन अन्तरगत संचालित संस्थागत विद्यालयहरुले सम्पूर्ण शैक्षिक खर्च अभिभावकबाटै असुल उपर गर्नुपर्दछ । सामुदायिक विद्यालयमा सरकारी अनुदान प्राप्त हुने हुँदा अभिभावकबाट शैक्षिक खर्च कमै मात्रामा असुल गर्ने गरिन्छ । सामुदायिक र संस्थागत विद्यालयमा माध्यमिक तह पार गर्न लाग्ने लगानीको विश्लेषण गर्दा तपसील अनुसारको तथ्याङ्क प्राप्त भयो ।

तालिका १

कक्षा ९ को वार्षिक शुल्क विवरण

| क्र. सं. | विद्यालयको नाम | किसिम | व्यवस्थापन | मा.प.शु. | परीक्षा शु | खेलकुद | कम्प्युटर | रेडक्रस | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री जनता उ.मा.वि | सामुदायिक | | | १२० | | | | | १२० |
| २ | श्री माउण्ट एभरेष्ट | संस्थागत | ८०० | ९६०० | ८०० | ८०० | १००० | २०० | १२०० | १४४०० |
| ३ | श्री ज्ञानज्योति | | १००० | ९००० | ६०० | १००० | १५०० | १५० | ११०० | १४३५० |
| ४ | श्री सनराइज | | ९०० | ९३०० | ७०० | ११०० | १००० | २०० | १३०० | १४५०० |
| ५ | श्री विद्योदय | | ९०० | ९००० | ८०० | १००० | १००० | २०० | १४०० | १४३०० |

स्रोत : स्थलगत अध्ययन-०६८

तालिका २

कक्षा १० को वार्षिक शुल्क विवरण

| क.सं. | विद्यालयको नाम | व्यवस्थापन | मा.प.शु. | परीक्षा शु. | खेलकुद | कम्प्युटर | रेडक्रस | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री जनता उ.मा.वि | | | २४० | | | | | २४० |
| २ | श्री माउण्ट एभरेष्ट | १८०० | १०८०० | १३०० | ८०० | १००० | २०० | १२०० | १७१०० |
| ३ | श्री ज्ञानज्योति | १००० | १०८०० | ११०० | १००० | १५०० | १५० | ११०० | १६६५० |
| ४ | श्री सनराइज | ९०० | १०८०० | १२०० | १००० | १३०० | २०० | १००० | १६४०० |
| ५ | श्री विद्योदय | ९०० | १०८०० | १३०० | ९०० | १२०० | १७५ | ११०० | १६३०५ |

स्रोत : स्थलगत अध्ययन-०६८

उपरोक्त तालिकाको तथ्याङ्क विश्लेषण गर्दा सामुदायिक विद्यालयमा माध्यमिक तह पार गराउन अभिभावकहरुले नाम मात्रको शुल्क विद्यालयलाई बुझाउनु पर्ने हुन्छ भने संस्थागत विद्यालयहरुमा अध्ययन गराउँदा औषतमा रु.३०,०००।- को शुल्क विद्यालयलाई बुझाउनु पर्ने देखिन्छ । यसका अतिरिक्त महँगा पाठ्यपुस्तकहरुको मूल्यले अभिभावकहरुलाई थप आर्थिक बोझ बनाउँछ । सामुदायिक विद्यालयहरुमा माध्यमिक तह (९, १०) सम्मको पाठ्यपुस्तक निःशुल्क रुपमा सरकारले उपलब्ध गराउने व्यवस्था गरेको छ । कक्षा ९ र १० को पाठ्यपुस्तकको मूल्यको तथ्याङ्क लिन स्थानीय सरस्वती पुस्तक पसलमा जाँदा कूल मूल्य रु ४,९८५।- हुने तथ्याङ्क प्राप्त भयो । सोही पसलको विललाई जस्ताको तस्तै अनुसूचीमा राखिएको छ ।

सामुदायिक विद्यालयमा दलित, अपाङ्ग, छात्रा, सीमान्तकृत लगायतका छात्रवृत्तिहरु प्रदान गरेको पाइयो भने संस्थागत विद्यालयमा कुनै किसिमको छात्रवृत्तिको व्यवस्था भएको पाइएन् । यसरी तथ्याङ्क हेर्दा संस्थागत विद्यालयहरुमा अध्ययन गर्न सामुदायिक विद्यालयको भन्दा ज्यादै बढी लगानी गर्नु पर्ने कुरा स्पष्ट हुन आउँछ ।

## ४.१.२ विद्यालयको परीक्षा नतिजा विश्लेषण

अभिभावकहरुको पहिलो रोजाइको विद्यालय सामुदायिक वा संस्थागत कुन हो ? भन्ने सवालका लागि गौरादह गा.वि.स. मा सञ्चालित सामुदायिक वा संस्थागत विद्यालयको प्रवेशीका परीक्षाको नतिजा अभिलेख मार्फत प्राप्त गरियो । २०६५, २०६६ र २०६७ सालको प्रवेशीका परीक्षाको नतिजा निम्न लिखित तालिकामा प्रस्तुत गरीएको छ । तालिकामा देखाएको तथ्याङ्क अध्ययनकर्ता स्वयम्ले सम्बन्धित विद्यालयको अभिलेख मार्फत प्राप्त गरेको हो ।

तालिका ३

संस्थागत/सामुदायिक विद्यालयहरुले प्राप्त गरेको प्रवेशीका परीक्षाको नतिजा

| **क.सं.** | **विद्यालयको प्रकार** | **विद्यालयको नाम** | **प्रवेशीका परीक्षामा सामेल** | | | **उत्तीर्ण** | | | **उत्तीर्ण %** | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | **०६५** | **०६६** | **०६७** | **०६५** | **०६६** | **०६७** | **०६५** | **०६६** | **०६७** |
| १ | सामुदायिक | जनता उ.मा.वि. | १५० | १७० | १७५ | ५१ | ४७ | ६२ | ३४ | २७ | ३५ |
| २ | संस्थागत | माउण्ट एभरेष्ट मा.वि. | ८६ | ९० | ८२ | ८६ | ८९ | ८० | १०० | ९८ | ९७ |
| ३ | संस्थागत | ज्ञानज्योति मा.वि | ७२ | ७८ | ६४ | ७२ | ७४ | ६४ | १०० | ९४ | ९७ |
| ४ | संस्थागत | विद्योदय मा.वि. | ६३ | ६७ | २२ | ६० | ६५ | ४८ | ९५ | ९७ | ९२ |
| ५ | संस्थागत | सनराइज मा.वि. | ६५ | ६४ | ६८ | ६३ | ६२ | ६५ | ९७ | ९७ | ९५ |

स्रोत : स्थलगत अध्ययन-०६८

गौरादह गा.वि.स.मा माध्यमिक तह संचालन भएका जम्मा ५ वटा विद्यालयहरुमध्ये ४ वटा संस्थागत विद्यालयहरु छन् । यो तथ्याङ्कले अभिभावकको चाहनालाई संस्थागत विद्यालयहरुले सम्बोधन गरेको देखिन्छ । प्रवेशिका परीक्षाको परिणाम विश्लेषण गर्दा पनि सामुदायिक विद्यालयको प्रवेशिकाको नतिजा ५०% नाघ्न सकेको छैन भने संस्थागत विद्यालयहरुको नतिजा ९०% भन्दा कम भएको पाइएन् । यही आधारबाट विश्लेषण गर्दा अभिभावकहरुको पहिलो रोजाई संस्थागत विद्यालय नै बन्न गएको प्रमाणित हुन्छ । यस कुरालाई अझ पुष्टि गर्नको लागि प्रवेशिका परीक्षा उत्तीर्ण विद्यार्थीहरुको श्रेणी प्रदर्शन गर्नु आवश्यक हुन्छ । प्रवेशिका परीक्षाको श्रेणीलाई तालिकामा देखाउँदा यस्तो स्थिति प्राप्त भयो ।

तालिका ४

संस्थागत/सामुदायिक विद्यालयहरुले प्राप्त गरेको प्रवेशीका परीक्षाको श्रेणी

| क.सं. | विद्यालयको प्रकार | विद्यालयको नाम | २०६५ | | | | | २०६६ | | | | | २०६७ | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | उ | वि | प्र. | द्वि | तृ | उ | वि | प्र. | द्वि | तृ | उ | वि | प्र. | द्वि | तृ |
| १ | सामुदायिक | जनता उ.मा.वि. | ५१ | | ७ | ३९ | ५ | ४७ | | १० | ३० | ७ | ६२ | १५ | १५ | ४० | ७ |
| २ | संस्थागत | माउण्ट एभरेष्ट | ८६ | २२ | ५० | १४ | | ८९ | २४ | ५५ | १० | | ८० | २० | ४५ | १६ | |
| ३ | संस्थागत | ज्ञानज्योति मा.वि | ७२ | ११ | ६० | १ | | ७४ | १५ | ५१ | ८ | | ६४ | १५ | ४० | ९ | |
| ४ | संस्थागत | विद्योदय मा.वि. | ६० | ९ | ४१ | १० | | ६५ | ७ | ५० | ८ | | ४८ | १० | ३५ | ३ | |
| ५ | संस्थागत | सनराइज मा.वि. | ६३ | ७ | ४१ | १५ | | ६२ | ६ | ५० | ६ | | ६५ | ९ | ४१ | १५ | |

स्रोत : स्थलगत अध्ययन-०६८

माथिको तालिकाको तथ्याङ्कलाई विश्लेषण गर्दा सामुदायिक विद्यालयबाट उत्तीर्ण गर्ने कुनै पनि विद्यार्थी विशेष श्रेणी ल्याउन सफल देखिदैन भने तृतीय श्रेणीमा पनि विद्यार्थी उत्तीर्ण भएका छन् । संस्थागत विद्यालयहरुले विशिष्ट श्रेणीमा पनि नतिजा प्राप्त गरेको पाइयो भने तृतीय श्रेणीमा विद्यार्थी उत्तीर्ण भएको पाइएन् । यस तथ्यांकले के स्पष्ट बनाइन्छ भने भविष्यमा प्राविधिक विषयको अध्ययन गर्न पनि संस्थागत विद्यालयमा जानुपर्ने आवश्यकता देखिन्छ ।

## ४.२ छात्र/छात्राको अनुपात विश्लेषण

### ४.२.१ गौरादह गा.वि.स.का माध्यमिक विद्यालयहरुमा २०५८ सालमा अध्ययनरत छात्र/छात्राको अनुपात विश्लेषण :

गौरादह गा.वि.स.का अभिभावकहरुको लागि माध्यमिक तहमा अध्ययन गराउन ४ वटा संस्थागत र एक मात्र सामुदायिक विद्यालयको विकल्प प्राप्त छ । २०६८ सालमा माध्यमिक तहमा अध्ययन गर्ने छात्र/छात्राको कूल अनुपात यस्तो रुपमा प्राप्त भयो ।

तालिका ५

गौरादह गा.वि.स. भरीमा माध्यमिक तहमा अध्ययनरत छात्रा छात्रको विवरण

| क्र.सं. | विद्यालयको नाम | किसिम | कक्षा ९ | | कक्षा १० | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | | | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| १ | श्री जनता उ.मा.वि | सामुदायिक | ७० | १०० | ९० | १३० | १६० | २३० |
| २ | श्री माउण्ट एभरेष्ट | संस्थागत | ५० | ३५ | ५५ | २५ | १०५ | ६० |
| ३ | श्री ज्ञानज्योति | संस्थागत | ४० | ३० | ४५ | २० | ८५ | ५० |
| ४ | श्री सनराइज | संस्थागत | ४५ | २० | ३५ | २५ | ६५ | ६० |
| ५ | श्री विद्योदय | संस्थागत | ४० | २० | ४५ | ३० | ८५ | ५० |
| | कूल | | २४५ | २१० | २७० | २३० | ५०० | ४५० |

स्रोत : स्थलगत अध्ययन-०६८

उपरोक्त तालिकाको तथ्याङ्क विश्लेषण गर्दा गौरादह गा.वि.स. मा २०६८ सालमा माध्यमिक तह अध्ययन गर्ने जम्मा ९५० जना छात्रछात्राहरु छन् । ती मध्ये छात्रको संख्या ५०० छ भने छात्राको संख्या ४५० छ । यही आधारमा गौरादह गा.वि.स. मा माध्यमिक तह अध्ययन गर्ने छात्रछत्राको कूल अनुपात ५०:४५ छ ।

तालिका नं. ५ को आधारबाट एक मात्र सामुदायिक विद्यालयको छात्रछात्राको अनुपात विश्लेषण गर्दा १६०:२३० देखिन्छ । १६:२३ कूल छात्रछात्राको अनुपातको आधारबाट हेर्दा ज्यादै फरक देखिने आँकडा हो । कूल छात्रछात्राको अनुपातमा छात्राको संख्या कम देखिएको छ भने सामुदायिक विद्यालयमा छात्राको अनुपात ज्यादै बढी देखिन्छ ।


तालिका नं. ५ कै आधारबाट विश्लेषण गर्दा ४ वटा संस्थागत विद्यालयमा अध्ययन गर्ने ५६० विद्यार्थी मध्ये ३४० छात्र र २२० छात्राहरु अध्ययन गर्दछन् । यसलाई अनुपातमा

मिलाउँदा ३४:२२ देखा पर्दछ । यो अनुपात र कूल अनुपातलाई तुलना गर्दा छात्राहरुको संख्या संस्थागत विद्यालयहरुमा ज्यादै न्यून देखिन्छ ।

तालिका नं. ५ कै आधारबाट प्रत्येक विद्यालयको छात्र छात्राको अनुपातलाई खण्डे स्तम्भ चित्रमा निम्नअनुसार प्रस्तुत गरीएको छ ।

चित्र १

विद्यालयगत छात्र छात्राको अनुपात





उक्त स्तम्भ चित्रको छायाँ परेको भागले छात्र र खाली भागले छात्राको संख्यालाई देखाउँछ । जनता उच्च मा.वि. को बारमा छायाँ परेको भाग कम देखिन्छ भने अन्य चारवटा बारहरुमा छायाँ परेको भाग बढी छ । यही स्तम्भ चित्रको प्रदर्शनबाट पनि सामुदायिक विद्यालयमा छात्राको अनुपात बढी र संस्थागत विद्यालयमा छात्राको अनुपात कम देखिन्छ ।

### ४.२.२ सामुदायिक र संस्थागत विद्यालयको छात्रछात्राको अनुपात विश्लेषण

गौरादह गा.वि.स. मा २०५८ सालको तथ्यांक अनुसार माध्यमिक तहमा जम्मा ९५० जना विद्यार्थीहरु अध्ययनरत छन् । तालिका नं. ५ । जसमध्ये एकमात्र सामुदायिक विद्यालयमा ३९० र ४ वटा संस्थागत विद्यालयमा ५६० जना विद्यार्थीहरु अध्ययनरत छन् । ९५० जना विद्यार्थीमध्ये ५०० जना छात्र छन् भने ४५० जना छात्रा छन् । यो गौरादह गा.वि.स.मा माध्यमिक तहमा अध्ययन गर्ने छात्रछात्राको कूल अनुपात हो । यसलाई पाइ चार्टमा यसरी देखाउन सकिन्छ ।

चित्र २


माध्यमिक तहमा अध्ययन गर्ने छात्र छात्राको कुल अनुपात




गौरादह गा.वि.स. को एक मात्र सामुदायिक विद्यालयमा मा.वि. तहमा अध्ययन गर्ने जम्मा ३९० विद्यार्थीहरु मध्ये २३० जना छात्रा र १६० जना छात्र छन् । यसलाई पाइ चार्टमा देखाउँदा ।

चित्र ३


सामुदमयिक विद्यालयमा अध्ययन गर्ने छात्र छात्राको अनुपात




गौरादह गा.वि.स. मा माध्यमिक तह संचालन भएका ४ वटा संस्थागत विद्यालयमा जम्मा ५६० विद्यार्थी अध्ययनरत छन् । जसमध्ये २२० जना छात्रा छन् भने ३४० जना छात्राहरु । यसलाई पाइ चार्टमा देखाउँदा ।

चित्र ४

संस्थागत विद्यालयमा अध्ययन गर्ने छात्र छात्राको अनुपात




उपरोक्त प्रस्तुतीकरणबाट यो स्पष्ट हुन्छ की कूल अनुपातमा छात्रको संख्या बढी भएपनि सामुदायिक विद्यालयमा छात्रको संख्या न्यून र संस्थागत विद्यालयमा छात्राको संख्या न्यून देखिन्छ । यस्तो परिवेश किन सिर्जना भयो भन्ने सम्बन्धमा सरोकारवाला पक्षहरुसँग प्रश्नावली तथा अन्तरवार्ता मार्फत प्रतिक्रिया प्राप्त गरिएको थियो । सो प्रतिक्रियालाई व्याख्या तथा विश्लेषण गरीएको छ ।

## ४.३ वित्तिय लगानीको प्राथमिकता

अध्ययनलाई तार्किक निष्कर्षमा पुऱ्याउनको लागि अभिभावक (संस्थागत+सामुदायिक) प्रिन्सिपल, शिक्षक (संस्थागत+सामुदायिक), विद्यार्थी (संस्थागत+सामुदायिक) तथा गौरादह स्रोत केन्द्रका स्रोतव्यक्तिसँग सम्पर्क राखिएको छ । प्रश्नावली तथा अन्तरवार्ता मार्फत प्राप्त प्रतिक्रियाहरुलाई यस अन्तर्गत विश्लेषण गरिएको छ । नमूना छनौटमा परेका अभिभावक, विद्यार्थी, शिक्षकहरुलाई प्रश्नावली भर्न अनुरोध गरिएको थियो । स्रोतव्यक्ति र विद्यालयका प्र.अ. हरुसँग आमने सामने भएर अन्तरवार्ता लिइएको थियो । प्रश्नावली अन्तरगत प्राप्त प्रतिकृयाको आधारमा अभिभावकको प्राथमिकता विश्लेषण गरिएको छ । प्रश्नावली तथा सम्बन्धित व्यक्तिहरुको नामावलीलाई अनुसूचीमा देखाइएको छ ।

### ४.३.१ सामुदायिक विद्यालयका अभिभावकहरुको प्रतिक्रिया विश्लेषण

गौरादह गा.वि.स.मा पर्ने एक मात्र सामुदायिक विद्यालयका अभिभावकहरु मध्येबाट नमूना छनौटमा परेका १० जना अभिभावकहरुलाई प्रश्नावली भर्न अनुरोध गरियो । अभिभावकबाट प्राप्त प्रतिक्रिया यस्तो रहेको छ -

तालिका ६

सामुदायिक विद्यालयमै विद्यार्थी पढाउने कारण

| क्र.सं. | विवरण | प्रतिक्रिया | |
|---|---|---|---|
| | | संख्या | प्रतिशत |
| १ | गुणस्तर राम्रो भएर | | ० |
| २ | राज्यको लगानी सदुपयोग गर्न | १ | १० |
| ३ | आर्थिक अवस्था कमजोर भएर | ८ | ८० |
| ४ | छोराछोरीको चाहना अनुसार | १ | १० |
| | जम्मा | १० | १०० |

स्रोत : स्थलगत अध्ययन-०६८

उक्त प्रतिक्रियाको विश्लेषण गर्दा ८०% अभिभावकहरु आर्थिक अवस्था कमजोर भएका कारणले सामुदायिक विद्यालयमा विद्यार्थी पढाउँछन् । गुणस्तर राम्रो भएर भन्ने विकल्पले कुनै मत प्राप्त गर्न सकेन । यसको सोझो अर्थ हो अभिभावकहरु बाध्यताले मात्र सामुदायिक विद्यालयमा नानीहरुलाई पढाउँछन् ।

तालिका ७

सामुदायिक विद्यालयमा गरी ने वित्तिय लगानी

| क्र.सं. | विवरण | प्रतिक्रिया | |
|---|---|---|---|
| | | संख्या | प्रतिशत |
| १ | लगानी खासै हुँदैन | ५ | २० |
| २ | अवसर लागत मात्र हो | २ | २० |
| ३ | छात्रवृत्ति पनि पाइन्छ | ४ | ४० |
| ४ | सानो लगानी पनि अभाव छ | २ | २० |
| | जम्मा | १० | १०० |

स्रोत : स्थलगत अध्ययन-०६८

सामुदायिक विद्यालयमा विद्यार्थी अध्ययन गर्न पढाउँदा गरी ने लगानी भन्दा छात्रवृत्तिको रकम धेरै हुने प्रतिक्रिया ४०% अभिभावकले दिए भने लगानी खासै नहुने मा २०% र अवसर लागत मात्र भन्नेमा २०% देखिए । तर त्यही सानो लगानीमा पनि समस्या देखिने अभिभावकहरु २०% रहेका छन् ।

तालिका ८

छोराछोरीलाई पढाउने विद्यालय

| **क.सं.** | **विवरण** | **प्रतिक्रिया** | |
|---|---|---|---|
| | | **संख्या** | **प्रतिशत** |
| १ | सबैलाई एकै किसिमको | ६ | ६० |
| २ | छोरालाई संस्थागत र सामुदायिक | ४ | ४० |
| ३ | छोरीलाई संस्थागत र छोरालाई सामुदायिक | ० | ० |
| | जम्मा | १० | १०० |

स्रोत : स्थलगत अध्ययन-०६८

उक्त प्रतिशतमा ६०% अभिभावकहरु छोरा र छोरीलाई एकैखाले (सामुदायिक/संस्थागत) विद्यालय पढाइन्छ । तर, ४०% अभिभावकहरु छोरालाई संस्थागत र छोरीलाई सामुदायिक विद्यालयमा पठाउछन् । तर, छोरालाई सामुदायिक विद्यालय पठाएर छोरीलाई संस्थागत विद्यालयमा पढाउने अभिभावक भेटिएन । यस प्रतिक्रियाबाट के विश्लेषण गर्न सकिन्छ भने आर्थिक रुपले सम्पन्न अभिभावकहरु आफ्ना सबै सन्तानहरुलाई संस्थागत विद्यालय पढाउँछन् भने कमजोर आर्थिक अवस्था भएका अभिभावकहरु सामुदायिक विद्यालयमा पढाउँछन् । तर, मध्यम आर्थिक अवस्था भएका अभिभावकहरुले संस्थागत विद्यालयमा आंशिक रुपले पढाउनु पर्‍यो भने पहिलो रोजाई छोरा नै हुन्छ ।

तालिका ९

सामुदायिक विद्यालयको व्यवस्थापन र सञ्चालन प्रक्रिया

| **क.सं.** | **विवरण** | **प्रतिक्रिया** | |
|---|---|---|---|
| | | **संख्या** | **प्रतिशत** |
| १ | पूरै सन्तुष्ट | १ | १० |
| २ | ठिकै छ | ३ | ३० |
| ३ | असन्तुष्ट | ४ | ४० |
| ४ | सुधार गर्नुपर्छ | ५ | २० |
| | जम्मा | १० | १०० |

स्रोत : स्थलगत अध्ययन-०६८

उपरोक्त तालिकाको विश्लेषणबाट ४०% अभिभावकहरु सामुदायिक विद्यालयको व्यवस्थापन र सञ्चालन प्रक्रिया प्रति असन्तुष्ट छन् । ठिकैमा ३०% र सुधार गर्न चाहने २०% र पुरै सन्तुष्ट हुने १०% देखिए । यसबाट देखिने सोझो अर्थ सामुदायिक विद्यालयमा पुरै सन्तुष्ट भएर विद्यार्थी पढाउने अभिभावकको संख्या न्यून रहेको छ ।

तालिका १०

छोरा र छोरीमा वित्तिय लगानीबाट प्रतिफल

| **क.सं.** | **विवरण** | **प्रतिक्रिया** | |
|---|---|---|---|
| | | **संख्या** | **प्रतिशत** |
| १ | छोरीमा गर्ने लगानी | १ | १० |
| २ | छोरामा गर्ने लगानी | ५ | ५० |
| ३ | दुवैबाट समान | ३ | ३० |
| ४ | शैक्षिक लगानी खर्च | १ | १० |
| | जम्मा | १० | १०० |

स्रोत : स्थलगत अध्ययन-०६८

उक्त तालिकामा व्यक्त प्रतिक्रिया अनुसार नेपालको परिवेशमा ५०% अभिभावकहरु छोराबाट प्रतिफल प्राप्त हुने आशा राख्दछन् भने समान व्यवहार गर्ने अभिभावकहरु ३०% रहेका छन् । छोरीमा गरेको लगानीबाट प्रतिफल पाउने आशा १०% अभिभावकको मात्र रहेको छ भने १०% अभिभावकहरुले शैक्षिक लगानीबाट प्रतिफलबाट आशा राखेका छैनन् ।

### ४.३.२ संस्थागत विद्यालयका अभिभावकहरुको प्रतिक्रिया विश्लेषण

अध्ययन गर्ने क्रममा संस्थागत विद्यालयका अभिभावकहरु मध्ये नमूना छनौटमा परेका १० जना अभिभावकहरुलाई प्रश्नावली भराइएको थियो । उक्त प्रश्नावली मार्फत प्राप्त प्रतिक्रियालाई प्रतिशतमा बदलेर तालिकामा राखी विश्लेषण गरिएको छ ।

तालिका ११

माध्यमिक तह सम्मको शिक्षा नि:शुल्क भए पनि संस्थागत विद्यालयमा विद्यार्थी पढाउनुको कारण

| क्र.सं. | विवरण | प्रतिक्रिया | |
|---|---|---|---|
| | | संख्या | प्रतिशत |
| १ | गुणस्तर राम्रो भएर | ५ | ५० |
| २ | बालकको इच्छा बमोजिम | १ | १० |
| ३ | माध्यम भाषा अंग्रेजी भएर | ३ | ३० |
| ४ | व्यवस्थापन र सञ्चालन पक्ष राम्रो भएर | १ | १० |
| | जम्मा | १० | १०० |

स्रोत : स्थलगत अध्ययन-०६८

उक्त तालिकामा प्राप्त मतलाई विश्लेषण गर्दा संस्थागत विद्यालय तर्फ अभिभावकहरुको आकर्षण गुणस्तर र माध्यम भाषा रहेको स्पष्ट हुन्छ । ८०% अभिभावकहरु यी दुई कारणबाट संस्थागत विद्यालय प्रति आकर्षित भएका छन् । २०% अभिभावकहरु बालकको चाहना र व्यवस्थापन तथा सञ्चालन पक्ष हेरेर संस्थागत विद्यालय तर्फ आकर्षित भएका छन् ।

तालिका १२

माध्यमिक तह पार गर्दा लाग्ने शुल्क

| क्र.सं. | विवरण | प्रतिक्रिया | |
|---|---|---|---|
| | | संख्या | प्रतिशत |
| १ | ठिकै छ | २ | २० |
| २ | ज्यादै महँगो | ६ | ६० |
| ३ | उपलब्धीको तुलनामा कम | १ | १० |
| ४ | प्रतिफलको लागि लगानी आवश्यक | १ | १० |
| | जम्मा | १० | १०० |

स्रोत : स्थलगत अध्ययन-०६८

उक्त तालिकामा प्राप्त भएको प्रतिक्रियाको विश्लेषण गर्दा संस्थागत विद्यालयका ६०% अभिभावकहरुलाई संस्थागत विद्यालयको शुल्क ज्यादै महँगो लागेको छ । तर पनि उनीहरु आफ्ना सन्तानलाई संस्थागत विद्यालयमै पढाउँछन् । यसले संस्थागत विद्यालयहरुको गुणस्तरलाई राम्ररी सम्बोधन गरेको छ । यसबाट यो पनि स्पष्ट हुन्छ की

संस्थागत विद्यालयका ६०% अभिभावकहरु ज्यादै कठिन तरिकाले मात्र नानीहरुलाई संस्थागत विद्यालयमा पठाउँछन् ।

तालिका १३

लगानीको प्रतिफल

| क्र.सं. | विवरण | प्रतिक्रिया | |
|---|---|---|---|
| | | संख्या | प्रतिशत |
| १ | प्राप्त हुन्छ | ६ | ६० |
| २ | अवसर पाएमा प्राप्त हुन्छ | २ | २० |
| ३ | निश्चित छैन | १ | १० |
| ४ | सामाजिक बाध्यता | १ | १० |
| | जम्मा | १० | १०० |

स्रोत : स्थलगत अध्ययन-०६८

उक्त तालिकाको विश्लेषण गर्दा ६०% संस्थागत विद्यालयका अभिभावकहरु लगानीको प्रतिफल प्राप्त हुने कुरामा आशावादी देखिन्छन् भने २०% अवसरको प्रतिक्षा गर्ने र १०% निश्चित नहुने र १०% ले सामाजिक आवश्यकता पूरा गर्न विद्यालय पठाएका छन् ।

तालिका १४

सबै सन्तानलाई विद्यालय

| क्र.सं. | विवरण | प्रतिक्रिया | |
|---|---|---|---|
| | | संख्या | प्रतिशत |
| १ | सबैलाई | ६ | ६० |
| २ | छोरालाई मात्र | ४ | ४० |
| ३ | छोरीलाई मात्र | | |
| | जम्मा | १० | १०० |

स्रोत : स्थलगत अध्ययन-०६८

उक्त तालिकाको प्रतिक्रिया विश्लेषण गर्दा ६०% अभिभावकहरु आफ्ना सबै सन्तानलाई संस्थागत विद्यालयमा पठाउँछन् । तर, ४०% अभिभावकहरु छोरालाई मात्र संस्थागत विद्यालय पठाउँछन् । यस विश्लेषणको सिधा अर्थ सबै सन्तानलाई संस्थागत विद्यालय पढाउन नसक्ने आर्थिक अवस्था भएका अभिभावकहरु छोरालाई लगानी गर्ने कुरामा प्राथमिकता दिन्छन् । मास्लोको आवश्यकता श्रृखला सिद्धान्तमा शारीरिक

आवश्यकता पहिलो भए जस्तै अभिभावकहरु पनि छोरा र छोरी मध्ये एक चयन गर्नुपर्ने अवस्था आयो भने प्राथमिकता छोरालाई दिने कुराको पुष्टि हुन्छ । किनभने छोरीलाई मात्र संस्थागत विद्यालय पठाउने अभिभावकहरु भेटिएनन् ।

तालिका १५

शैक्षिक लगानीको प्राथमिकता

| क्र.सं. | विवरण | प्रतिक्रिया | |
|---|---|---|---|
| | | संख्या | प्रतिशत |
| १ | छोरामा | ४ | ४० |
| २ | छोरीमा | १ | १० |
| ३ | समान | ५ | ५० |
| | जम्मा | १० | १०० |

स्रोत : स्थलगत अध्ययन-०६८

उक्त तालिकाको विश्लेषण गर्दा छोरालाई प्राथमिकता दिने अभिभावकहरु ४०% भेटिए भने समान लगानी गर्ने अभिभावकहरु ५०% भेटिए । १०% अभिभावकहरु छोरीमा गरी ने लगानीलाई प्राथमिकता दिन्छन् । यस विश्लेषणबाट विभेदकारी नीति लिएका अभिभावकहरु ४०% देखिन्छन् ।

### ४.३.३ सामुदायिक र संस्थागत विद्यालयका शिक्षकको प्रतिक्रिया विश्लेषण

शोध अध्ययनलाई निष्कर्षमा पुऱ्याउनको लागि सामुदायिकबाट १० जना र संस्थागतबाट १० जना शिक्षकहरु नमूना छनौटमा परेका थिए । शिक्षकहरुको लागि एउटै प्रश्नावली निर्माण गरिएको थियो । सो प्रश्नावली मार्फत प्राप्त प्रतिक्रियालाई तालिकामा छुट्टाछुट्टै राखेर संयुक्त रुपमा विश्लेषण गरिएको छ ।

तालिका १६ (सामुदायिक विद्यालयका शिक्षकहरु)

सन्तान पढाउने विद्यालय सामुदायिक/संस्थागत

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सामुदायिकमा | २ | २० |
| २ | संस्थागतमा | ८ | ८० |
| ३ | धार्मिक | | |
| ४ | विदेशी शैक्षिक संस्था | | |
| | जम्मा | १० | १०० |

स्रोत : स्थलगत अध्ययन-०६८

तालिका १७ (संस्थागत विद्यालयका शिक्षकहरु)

सन्तान पढाउने विद्यालय सामुदायिक/संस्थागत

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सामुदायिकमा | | |
| २ | संस्थागतमा | १० | १०० |
| ३ | धार्मिक | | |
| ४ | विदेशी शैक्षिक संस्था | | |
| | जम्मा | १० | १०० |

स्रोत : स्थलगत अध्ययन-०६८

उपरोक्त २ वटै तालिकामा राखिएको मत विश्लेषण गर्दा सामुदायिक विद्यालयमा अध्यापन गर्ने ८०% शिक्षकहरु आफ्ना नानीहरुलाई संस्थागत विद्यालयमा पढाउँछन् भने संस्थागत विद्यालयका १००% शिक्षकहरु संस्थागत विद्यालयमै नानीहरुलाई पढाउँछन् । यसबाट देखिने सोझो अर्थ सामुदायिक विद्यालयका शिक्षकहरु नै आफ्नो विद्यालय प्रति ढुक्क छैनन् ।

तालिका १८ (सामुदायिक + संस्थागत)

सामुदायिक र संस्थागत विद्यालयको नतिजा अन्तरको कारण

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | व्यवस्थापन तथा प्रशासन | | |
| २ | अभिभावकहरुको आर्थिक स्तर चेतना | | |
| ३ | शिक्षकहरुको लगनशिलता | | |
| ४ | लगानी प्रति अभिभावक चनाखो भएर | | |
| ५ | माथिका सबै | २० | १०० |
| | जम्मा | २० | १०० |

स्रोत : स्थलगत अध्ययन-०६८

सामुदायिक र संस्थागत विद्यालयको नतिजामा अन्तर देखिनुको कारणमा सामुदायिक र संस्थागत विद्यालयका सबै शिक्षकहरुको समान मत पाइयो ।

तालिका   १९ (सामुदायिक)

संस्थागत विद्यालयका विद्यार्थीको चाप बढ्नुको कारण

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | माध्यम भाषा अंग्रेजी भएर | ६ | ६० |
| २ | संस्थागत विद्यालयमा कडा अनुशासन | | |
| ३ | स्वतन्त्र र निजी व्यवस्थापन भएर | २ | २० |
| ४ | गुणस्तर राम्रो भएर | २ | २० |
| | जम्मा | १० | १०० |

स्रोत : स्थलगत अध्ययन-०६८

तालिका   २० (संस्थागत)

संस्थागत विद्यालयका विद्यार्थीको चाप बढ्नुको कारण

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | माध्यम भाषा अंग्रेजी भएर | २ | २० |
| २ | संस्थागत विद्यालयमा कडा अनुशासन | | |
| ३ | स्वतन्त्र र निजी व्यवस्थापन भएर | २ | २० |
| ४ | गुणस्तर राम्रो भएर | ६ | ६० |
| | जम्मा | १० | १०० |

स्रोत : स्थलगत अध्ययन-०६८

विद्यार्थीको चाप संस्थागत विद्यालयमा बढ्नुको मूल कारणमा ६०% सामुदायिक विद्यालयका शिक्षकहरु माध्यम भाषा अंग्रेजी रहेको प्रतिक्रिया दिन्छन् भने संस्थागत विद्यालयका ६०% शिक्षकहरु गुणस्तर राम्रो भएको प्रतिक्रिया व्यक्त गर्दछन् । यस विशलेषणबाट संस्थागत विद्यालयमा विद्यार्थीको चाप बढ्नुको कारण माध्यम भाषा र गुणस्तर दुवै महत्वपूर्ण रहेको स्पष्ट हुन्छ ।

तालिका २१

माध्यमिक तहको छात्र छात्रा अनुपात (सामुदायिक)

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छात्राको अनुपात बढी | १० | १०० |
| २ | छात्राको अनुपात बढी | | |
| ३ | अनुपात समान छ | | |
| | जम्मा | १० | १०० |

स्रोत : स्थलगत अध्ययन-०६८

तालिका २२

माध्यमिक तहको छात्र छात्रा अनुपात (संस्थापक)

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छात्राको अनुपात बढी | | |
| २ | छात्रको अनुपात बढी | १० | १०० |
| ३ | समान अनुपात | | |
| | जम्मा | १० | १०० |

स्रोत : स्थलगत अध्ययन-०६८

उक्त तालिकामा उपलब्ध प्रतिक्रियालाई विश्लेषण गर्दा सामुदायिक विद्यालयमा बढी छात्रा र संस्थागत विद्यालयमा छात्रको अनुपात बढी रहेको स्पष्ट छ ।

तालिका २३

विद्यालयमा छात्र छात्रा अनुपात नमिल्नुको कारण (सामुदायिक+संस्थागत)

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | जनसंख्याको आकार नै त्यस्तो होला | २ | १० |
| २ | छोरामा बढी लगानीको प्राथमिकता | १४ | ७० |
| ३ | बालबालिकाको रुची अनुसार | २ | १० |
| ४ | छात्राले सामुदायिक विद्यालयमा बढी छात्रवृत्ति पाउने भएर | २ | १० |
| | जम्मा | २० | १०० |

स्रोत : स्थलगत अध्ययन-०६८

उक्त तालिकाको विश्लेषण गर्दा ७०% शिक्षकहरुको मत अभिभावकहरुको लगानी गर्ने प्रवृत्तिमा फरक रहेको प्रतिक्रिया प्राप्त भएको थियो । यसबाट के स्पष्ट हुन्छ भने नेपालको धार्मिक, साँस्कृतिक, आर्थिक, परिवेश अनुसार शैक्षिक लगानी लगायत हरेक पक्षमा छोराहरुले प्राथमिकता पाउँछन् । यो सामाजिक न्यायको सिद्धान्तभन्दा विपरित रहेको पाइन्छ ।

### ४.३.४ सामुदायिक र संस्थागत विद्यालयका छात्रछात्राहरुको प्रतिक्रिया विश्लेषण

अध्ययनको शिलशिलामा सामुदायिक र संस्थागत विद्यालयमा माध्यमिक तहमा ( ९-१०) अध्ययन गर्ने १० जना छात्र छात्रा र सामुदायिक विद्यालयमा अध्ययन गर्ने १० जना छात्र छात्राको मत प्राप्त गरीएको थियो । ५ जना छात्र र ५ जना छात्रा प्रत्येक समूहमा थिए । उनीहरुलाई एउटै प्रश्नावली भर्न लगाइएको थियो । उनीहरुबाट प्रतिक्रियालाई तालिकामा देखाएर एकमुष्ट रुपमा विश्लेषण गरिएको छ ।

तालिका २४

सामुदायिक विद्यालय रोज्नुको कारण (सामुदायिक)

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अभिभावकको निर्देशन अनुसार | १ | १० |
| २ | गुणस्तर राम्रो भएर | | |
| ३ | आर्थिक अभाव भएर | ८ | ८० |
| ४ | आफ्नो चाहना अनुसार | १ | १० |
| | जम्मा | १० | १०० |

स्रोत : स्थलगत अध्ययन-०६८

तालिका २५

संस्थागत विद्यालय रोज्नुको कारण

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अभिभावकको निर्देशन अनुसार | १ | १० |
| २ | गुणस्तर राम्रो भएर | ८ | ८० |
| ३ | आर्थिक अभाव भएर | | |
| ४ | आफ्नो चाहना अनुसार | १ | १० |
| | जम्मा | १० | १०० |

स्रोत : स्थलगत अध्ययन-०६८

उक्त तालिकामा प्राप्त अभिमतको विश्लेषण गर्दा सामुदायिक विद्यालयमा अध्ययन गर्ने ८०% विद्यार्थी आर्थिक अभावका कारण सामुदायिक विद्यालय अध्ययन गर्न आउँछन् भने संस्थागत विद्यालयमा अध्ययन गर्ने ८०% विद्यार्थी गुणस्तर राम्रो भएर संस्थागत विद्यालयमा आउने गर्दछन् ।

तालिका २६

परिवारका सबै सन्तान पढाउने विद्यालय

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सबै एकै किसिमका विद्यालयमा | १० | ५० |
| २ | दाजु वा भाइ संस्थागतमा | ४ | २० |
| ३ | दिदी बहिनी संस्थागतमा | | |
| ४ | दिदी बहिनी सामुदायिकमा | ६ | ३० |
| | जम्मा | २० | १०० |

स्रोत : स्थलगत अध्ययन-०६८

उक्त तालिकाको विश्लेषण गर्दा समान किसिमको विद्यालयमा पढ्ने ५०% विद्यार्थी देखिए भने ५०% विद्यार्थीका परिवारका छोरा संस्थागत र छोरी सामुदायिकमा पढ्ने तथ्याङ्क प्राप्त भयो । यो तथ्याङ्कले के देखाउँछ भने अभिभावकहरुको शैक्षिक लगानी गर्ने प्राथमिकता छोराहरु प्रति बढी सकारात्मक पाइन्छ ।

तालिका २७

सामुदायिक र संस्थागत विद्यालयको अन्तर

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | दुवै विद्यालय समान हो | २ | १० |
| २ | सामुदायिक विद्यालय उत्कृष्ट | | |
| ३ | संस्थागत विद्यालय उत्कृष्ट | १८ | ९० |
| | जम्मा | २० | १०० |

स्रोत : स्थलगत अध्ययन-०६८

उक्त तालिकाको तथ्याङ्क अनुसार सामुदायिक र संस्थागत विद्यालय अध्ययन गर्ने ९०% छात्रछात्राहरु संस्थागत विद्यालयमा नै उत्कृष्ट मान्छन् ।

तालिका २८

तपाईले अध्ययन गरेको कक्षामा छात्रछात्राको अनुपात (सामुदायिक)

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छात्रको संख्या बढी | | |
| २ | छात्राको संख्या बढी | १० | १०० |
| ३ | समान संख्या छ | | |
| | जम्मा | १० | १०० |

स्रोत : स्थलगत अध्ययन-०६८

तालिका २९

तपाईले अध्ययन गरेको कक्षामा छात्रछात्राको अनुपात (संस्थागत)

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छात्रको संख्या बढी | १० | १०० |
| २ | छात्राको संख्या बढी | | |
| ३ | समान संख्या छ | | |
| | जम्मा | १० | १०० |

स्रोत : स्थलगत अध्ययन-०६८

उक्त तालिकाको तथ्याङ्क विश्लेषण गर्दा सामुदायिक विद्यालयमा छात्राको अनुपात बढी र संस्थागत विद्यालयमा छात्रको संख्या बढी भएको तथ्य स्पष्ट हुन्छ ।

तालिका ३०

विद्यालयमा छात्र छात्राको अनुपात समान नहुनुको कारण (सामुदायिक+संस्थागत)

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | जनसंख्याको आकार नै त्यस्तो होला | २ | २० |
| २ | अभिभावकको लगानीमा छोरालाई प्राथमिकता | १० | ५० |
| ३ | केटालाई कडा अनुशासन चाहिने भएर | २ | १० |
| ४ | छोरामा गरेको लगानीको प्रत्यक्ष प्रतिफल हुने भएर | ६ | ३० |
| | जम्मा | २० | १०० |

स्रोत : स्थलगत अध्ययन-०६८

उपरोक्त तथ्याङ्कको विश्लेषण गर्दा छात्र छात्राहरुले पनि अनुपात नमिल्ने कारण लगानी गर्ने प्रवृत्ति दोषी भएको र छोरालाई लगानी गर्दा अभिभावकले प्रत्यक्ष प्रतिफल आउने कारण देखाएका छन् । जुन अभिमत कुलमा (५०+३०) = ८०% रहेको छ ।

### ४.३.५ सामुदायिक विद्यालयका प्रधानाध्यापकसँगको प्रतिक्रिया

अध्ययनको क्रममा एकमात्र सामुदायिक विद्यालयका प्रधानाध्यापक श्री बुद्धिमान कार्कीज्यूसँग आमने सामने अन्तरवार्ता कार्यक्रम संचालन गरिएको थियो । जसमा पूर्व योजना अनुसारका ५ वटा प्रश्न निर्माण गरी त्यसैको आधारमा अन्तरवार्ता संचालन गरिएको थियो वहाँबाट प्राप्त प्रतिक्रिया यस्तो रह्यो ।

सामुदायिक विद्यालयमा विद्यार्थी संख्यामा गिरावट आउनुमा व्यवस्थापन राम्रो हुन नसकेको, राजनैतिक अस्थिरता र हस्तक्षेप, नियन्त्रण र अनुगमन राम्रो नहुने, शिक्षकहरु निस्कृयता जस्ता कारण जिम्मेवार रहेको प्रतिक्रिया प्राप्त भयो । यिनै कारणहरुले गर्दा संस्थागत विद्यालय र सामुदायिक विद्यालयको नतिजा अन्तर भएको । कमजोर आर्थिक अवस्था भएका अभिभावकले आफ्ना सन्तानलाई शैक्षिक खर्च गर्न नसक्दा पनि यो परिणाम देखा परेको बीचार व्यक्त गर्नु भएको थियो । सामुदायिक विद्यालयमा माध्यमक तह अध्ययन गर्न नाम मात्रको परीक्षा शुल्क मात्र तिरे पुग्ने र विभिन्न किसिमका छात्रवृत्ति पनि उपलब्ध गराउने प्रतिक्रिया प्राप्त भयो । आफ्नो विद्यालयमा छात्राको संख्या अधिक भएको र त्यसो हुनुमा अभिभावकहरुमा शैक्षिक लगानीको प्राथमिकता छोरालाई दिने प्रवृत्ति दोषी भएको प्रतिक्रिया प्राप्त भयो ।

### ४.३.६ संस्थागत विद्यालयका प्रिन्सिपल तथा गौरादह स्रोतकेन्द्रका स्रोत व्यक्ति सँगको प्रतिक्रिया

अध्ययनलाई निष्कर्षमा पुऱ्याउने क्रममा संस्थागत विद्यालयका ४ जना प्रिन्सिपल र गौरादह स्रोत केन्द्रका स्रोत व्यक्तिसँग अन्तरवार्ता लिइएको थियो । सो अन्तरवार्ताको क्रममा सबैको मत प्रायः समान नै रहेको छ । वहाँहरुबाट प्राप्त प्रतिक्रिया यस्तो रहेको थियो ।

परीक्षा परिणामलाई विश्लेषण गर्दा संस्थागत विद्यालयहरु तुलनात्मक रुपले उत्कृष्ट रहेका, सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयहरुमा अभिभावकले धेरै वित्तिय लगानी गर्नु पर्ने, संस्थागत विद्यालयहरुमा छात्रको अनुपातमा छात्राको संख्या सधै कम हुने, माध्यम भाषा तथा प्राविधिक विषयको अध्ययन सरल हुने भएर विद्यार्थीहरु

संस्थागत विद्यालय प्रति आकर्षित भएका, सामुदायिक विद्यालयमा छात्राको अनुपात सधै वढी रहेको जस्ता प्रतिकृया प्राप्त भयो । वित्तिय लगानीको प्राथमिकता छोराहरुबाट शुरु हुने कारणले गर्दा सामुदायिक र संस्थागत विद्यालयहरुमा छात्रा छात्राको अनुपात नमिलेको प्रतिकृया प्राप्त भयो ।

## ४.४ समस्या समाधानका उपायहरु

सरकारी स्तरबाट नै सामूदायिक तथा संस्थागत विद्यालयको शैक्षिक स्थिति समान बनाउन आवश्यक नीति तथा योजना निर्माण गरी सामूदायिक विद्यालयको शैक्षिक स्थिति सुदृढ बनाउन सामूदायिक विद्यालयमा पनि माध्यम भाषा अंग्रेजी बनाउन नीति निर्माण तह तथा अभ्यास तह बीच समन्वय गरी आवश्यक कार्यक्रम संचालन गर्नु पर्ने । छोरालाई बढी महत्व दिनु पर्ने प्रचलनमा सुधार गर्न समाजका अगुवा संघ संस्थाहरुले सचेतनामूलक कार्यक्रम संचालन गर्नु पर्ने । समतामूलक समाज निर्माणको लागि सम्पूर्ण नागरीकहरुमा समान स्वेच्छिक अवसर उपलब्ध गराउन आवश्यक कानुनी व्यवस्था सरकारी स्तरबाटै हुनु पर्ने । सरकारले सामूदायिक विद्यालयमा गरेको वित्तीय लगानीको प्रभावकारिता खोज्न तालिम तथा अनुगमन कार्यलाई तिव्र बनाउनु पर्ने देखिन्छ ।

# अध्याय पाँच

# प्राप्ति, निष्कर्ष र सुझावहरु

अभिभावकहरुले छोराछोरीमा गर्ने वित्तिय लगानीको प्राथमिकता शीर्षकमा गरिएको यो शोध कार्यमा शोधकर्ता आफै सम्बन्धित स्थलमा उपस्थित भई शोधकार्य सम्पन्न भएको थियो । शोधकार्यका लागि झापा जिल्ला गौरादह गा.वि.स. मा माध्यमिक तह संचालन भएका ४ वटा संस्थागत र एउटा सामुदायिक विद्यालयको अध्ययन गरीएको थियो । उक्त ५ वटा विद्यालयका १०/१० जना अभिभावक, १०/१० जना, शिक्षक १०/१० जना विद्यार्थीलाई प्रश्नावली भराएर प्रतिक्रिया लिइएको थियो । ५ वटै विद्यालयमा पुगेर विद्यालयको अभिलेख विश्लेषण गरीएको थियो । ५ जना प्रिन्सिपल र गौरादह स्रोत केन्द्रका स्रोतव्यक्तिसँग आमने सामने अन्तरवार्ता सञ्चालन गरिएको थियो । अभिलेख, प्रश्नावली तथा अन्तरवार्ताबाट प्राप्त प्रतिक्रियालाई तालिका निर्माण गरी प्रतिशतमा बदलेर विश्लेषण गरीएको थियो । यो सम्पूर्ण कार्यबाट भएको प्राप्ति, देखिएका निष्कर्ष र सुझावहरुलाई क्रमैसँग प्रस्तुत गरिएको छ । वित्तिय लगानीसँग सरोकार राख्ने अभिभावक, शिक्षक, प्रिन्सिपल र विद्यार्थीहरुलाई अध्ययनमा सहभागी गराइएको हुनाले प्राप्त नतिजा वास्तविक रहेको महसुस गरेको छु ।

## ५.१ प्राप्तिहरु

माध्यमिक तहमा अभिभावकहरुले छोराछोरीहरुमा गर्ने शैक्षिक लगानीको प्राथमिकता अध्ययन गर्ने क्रममा भएका प्राप्तिहरु व्याख्यात्मक रुपबाट प्रस्तुत गरिएको छ ।

विद्यालयको अभिलेख विश्लेषण गर्ने क्रममा सम्बन्धित विद्यालयहरुमा आफू स्वयं उपस्थित भई २०६५, २०६६ र २०६७ सालको प्रवेशीका परीक्षाको नतिजा अध्ययन गरीयो । सो नतिजाको अध्ययनबाट सामुदायिक विद्यालयको नतिजा संस्थागत विद्यालयको तुलनामा ज्यादै कम देखियो । संस्थागत विद्यालयको नतिजा ३ वर्ष लगातार ९०% भन्दा कम रहेको छैन भने सामुदायिक विद्यालयको नतिजा लगातार रुपमा ५०% नाघ्न सकेको छैन । उत्तीर्ण विद्यार्थीहरुको श्रेणी अध्ययन गर्दा लगातार तीनै वर्ष संस्थागत विद्यालयमा

विशिष्ट श्रेणी देखिन्छ तर सामुदायिक विद्यालयमा विशिष्ट श्रेणीमा नतिजा छैन भने अधिकांश विद्यार्थीहरु दोस्रो श्रेणीमा उत्तीर्ण भएका आँकडा प्राप्त भयो । यो विश्लेषणबाट भएको प्राप्ति सामुदायिक विद्यालयको तुलनामा शैक्षिक नतिजा संस्थागत विद्यालयहरुको उत्कृष्ट छ ।

संस्थागत र सामुदायिक विद्यालयहरुमा अभिभावकले तिर्नु पर्ने शुल्कको तुलनात्मक अध्ययन गर्दा सामुदायिक विद्यालयमा अभिभावकले परीक्षा शुल्क (नाममात्रको) वाहेक अन्य कुनै पनि शुल्क भुक्तान गर्नु पर्ने देखिएन । संस्थागत विद्यालयमा अध्ययन गर्दा माध्यमिक तह पार गर्न रु. ३०,००० बराबरको शुल्क तिर्नुपर्ने देखियो । यसका अलावा छात्रवृत्ति प्राप्त हुने तथा पाठ्यपुस्तक पनि निःशुल्क पाउने सुविधा सामुदायिक विद्यालयमा छ भने संस्थागत विद्यालयमा छात्रवृत्तिको सुविधा पनि नहुने र पाठ्यपुस्तक पनि महँगो हुने तथ्य प्राप्त भयो । यसबाट सामुदायिक विद्यालयमा विद्यार्थी पढाउँदा अभिभावकहरुले खासै शुल्क तिर्नु पर्दैन भने संस्थागत विद्यालयमा पढाउँदा निकै लगानी गर्नुपर्ने देखिन्छ ।

गौरादह गा.वि.स. भरिमा माध्यमिक तहमा अध्ययन गर्ने कूल छात्र छात्राको संख्या ९५० मध्ये ५०० छात्र र ४५० छात्रा रहेको पाइयो । कूल छात्रछात्राको अनुपात ५०:४५ रहेको छ ।

सामुदायिक विद्यालय छात्र छात्राको अनुपात १६०:२३० पाइयो । यो अनुपातलाई कूल अनुपात ५०:४५ सँग तुलना गर्दा ज्यादै विपरित छ । सामुदायिक विद्यालयमा छात्राको अनुपात बढी भएको पाइयो ।

संस्थागत विद्यालयहरुमा माध्यमिक तह अध्ययन गर्ने कूल छात्रछात्रा ५६० मध्ये छात्र ३४० र छात्रा २२० पाइयो (३४:२२) । यहाँ छात्राहरुको तुलनामा छात्रको अनुपात बढी देखिन्छ ।

कूल अनुपातसँग छात्र छात्राको अनुपात सामुदायिक र संस्थागत विद्यालयमा विपरित भएकोले गर्दा अभिभावकहरु लगानीमा छोरालाई प्राथमिकता दिएको तथ्य प्राप्त भयो ।

अभिभावकहरुसँगको प्रतिक्रिया विश्लेषणबाट भएका प्राप्तिहरु यस प्रकारका रहेका छन् । ८०% सामुदायिक विद्यालयका अभिभावकहरु आर्थिक अवस्था कमजोर भएका कारण सामुदायिक विद्यालय पठाउँछन् । सामुदायिक विद्यालयमा छोरीलाई पढाउने ४०% अभिभावकहरु छोरालाई संस्थागत विद्यालयमा पढाउँछन् । सामुदायिक विद्यालयको

व्यवस्थापन र संचालन प्रक्रियासँग ४०% अभिभावकहरु असन्तुष्ट छन् भने सुधार गर्नुपर्छ भन्ने मान्यता २०% को छ । ५०% अभिभावकहरु छोरामा गरिएको लगानीबाट प्रतिफल प्राप्त गर्न सक्ने आशा राख्दछन् भने ३०% अभिभावकहरु दुवैबाट समान प्रतिफल प्राप्त गर्ने आशा राख्दछन् ।

संस्थागत विद्यालयका अभिभावकहरुसँग लिएको प्रतिक्रियाबाट भएका प्राप्तिहरुमा ५०% अभिभावकहरु गुणस्तर राम्रो भएर आफ्ना सन्तानलाई संस्थागत विद्यालय पढाउँछन् भने ३०% अभिभावकहरु माध्यम भाषाका कारण संस्थागत विद्यालयमा पढाउँछन् । संस्थागत विद्यालयका ६०% अभिभावकलाई शुल्क चर्को लाग्छ भने २०% ठिकै लागेको छ । माध्यमिक तहको यो लगानीबाट ६०% अभिभावकहरु राम्रो प्रतिफलको आशा गर्दछन् । सबै सन्तानलाई संस्थागत विद्यालय पढाउने अभिभावक ६०% छन् भने ४०% ले छोरालाई मात्र संस्थागत विद्यालय पढाउँछन् । शैक्षिक लगानीको प्राथमिकता ५०% लेसमान गर्दछन् भने ४०% ले छोरालाई प्राथमिकता दिन्छन् ।

शिक्षकहरुसँगको प्रतिक्रिया विश्लेषणबाट भएका प्राप्तिहरुमा ८०% सामुदायिक विद्यालयका शिक्षकहरु आफ्ना सन्तानलाई संस्थागत विद्यालयमा पढाउँछन् भने संस्थागत विद्यालयका १००% शिक्षकहरु आफ्ना सन्तान संस्थागत विद्यालयमै पढाउँछन् । दुवै विद्यालयका शिक्षकहरु व्यवस्थापन तथा प्रशासन, अभिभावकको आर्थिक स्तर र सचेतना, शिक्षकहरुको लगनशीलतालाई नतिजा अन्तरको कारण मान्दछन् । ६०% सामुदायिक विद्यालयका शिक्षकहरु माध्यम भाषा अंग्रेजी भएका कारण संस्थागत विद्यालयमा विद्यार्थी चाप बढेको मान्छन् भने ६०% संस्थागत विद्यालयका शिक्षकहरु गुणस्तर राम्रो भएको कारण मान्दछन् । सामुदायिक विद्यालयमा छात्राको अनुपात बढी र संस्थागत विद्यालयमा छात्रको अनुपात बढी छ । ७०% शिक्षकहरु अभिभावकको प्राथमिकताले गर्दा अनुपात नमिलेको मान्यता राख्दछन् ।

छात्र छात्राहरुको प्रतिक्रिया विश्लेषणबाट भएका प्राप्तिहरुमा ८०% विद्यार्थीहरु आर्थिक अवस्था कमजोर भएका कारण सामुदायिक विद्यालय आउँछन् भने ८०% संस्थागत विद्यालयका विद्यार्थीहरु गुणस्तर राम्रो भएर संस्थागत विद्यालय जान्छन् । ५०% छात्र छात्राका परिवार एकै खाले विद्यालयमा पढाउँछन् भने २०% का दाजुभाइ संस्थागतमा जान्छन् भने संस्थागत विद्यालयमा अध्ययन गर्ने ३०% छात्रका दिदी बहिनी सामुदायिक विद्यालयमा अध्ययन गर्दछन् । ९०% विद्यार्थीहरु संस्थागत विद्यालयलाई उत्कृष्ट मान्दछन् ।

सामुदायिक विद्यालयको माध्यमिक तहमा छात्राको अनुपात बढी छ भने संस्थागत विद्यालयहरुमा छात्रको अनुपात बढी छ । सामुदायिक र संस्थागत विद्यालयमा छात्र छात्राको अनुपात नमिल्नुमा ५०% विद्यार्थीहरु लगानीमा छोरालाई प्राथमिकता दिने कारण मान्दछन् भने ३०% विद्यार्थीहरु छोरामा गरेको लगानीबाट प्रत्यक्ष प्रतिफल पाउने भएर हो भन्दछन् ।

प्राचार्य तथा स्रोतव्यक्तिको अन्तरक्रियाबाट भएका प्राप्तिहरुमा, शैक्षिक नतिजाको दृष्टिकोणले संस्थागत विद्यालयहरु उत्कृष्ट, अभिभावकको चाहना संस्थागत विद्यालय भएको, संस्थागत विद्यालयमा अध्ययन गराउँदा बढी लगानी गर्नुपर्ने, माध्यम भाषा अंग्रेजी आवश्यक भएको, छात्र छात्राको अनुपात समान नभएको, स्रोतकेन्द्र भरीमा संस्थागत विद्यालयको संख्या बढी भएको, शिक्षिकाहरुको अनुपात कम भएको जस्ता तथ्यहरु प्राप्त भयो ।

## ५.२ निष्कर्षहरु

अभिभावकहरुले छोरा छोरीमा गर्ने शैक्षिक लगानीको प्राथमिकता शीर्षकमा भएको यो शोध कार्यक्रम झापा जिल्ला गौरादह गा.वि.स. का माध्यमिक तह संचालन भएका सम्पूर्ण सामुदायिक र संस्थागत विद्यालयहरुको अध्ययन गरिएको थियो । तथ्यांक संकलन गर्ने कार्य स्थलगत रुपमै भएको र त्यसै आधारमा विश्लेषण गर्दा देखिएका निष्कर्षलाई व्याख्यात्मक रुपबाट प्रस्तुत गरिएको छ ।

देशमा संचालित सामुदायिक र संस्थागत विद्यालय मध्ये संस्थागत विद्यालयको शैक्षिक नतिजा उत्कृष्ट भएकोले अभिभावकको पहिलो रोजाइमा संस्थागत विद्यालय परेका छन् । आर्थिक रुपले लगानी गर्न सक्षम नहुने अभिभावकहरुले मात्र आफ्ना सन्तानलाई सामुदायिक विद्यालय पढाउँछन् ।

माध्यम भाषा अंग्रेजी भएका कारणले गर्दा आफना सन्तानको उज्ज्वल भविष्य र प्राविधिक विषय अध्ययन गर्ने आधार तयार गर्न आर्थिक बोझ खपेर भए पनि मध्यम आर्थिक स्तर भएका अभिभावकले आफ्ना सन्तानलाई संस्थागत विद्यालयमा पढाउँछन् ।

आर्थिक रुपमा सम्पन्न अभिभावकहरु आफ्ना सबै सन्तानलाई संस्थागत विद्यालय पढाउँछन् । विपन्न आर्थिक अवस्था भएका अभिभावकहरु सामुदायिकमा आफ्ना सन्तान

पढाउँछन् । मध्यम आर्थिक स्तर भएका अभिभावकहरुले सबै सन्तानलाई संस्थागत विद्यालय पढाउन नसक्ने देखिएमा छोरालाई प्राथमिकता दिई संस्थागत विद्यालयमा पढाउँछन् र छोरीलाई सामुदायिक विद्यालयमा पढाउँछन् ।

छोराहरुमा गरेको लगानीको प्रतिफल अभिभावकले प्रत्यक्ष प्राप्त गर्न सक्ने भएकाले अभिभावकहरु छोरा र छोरीमा गर्ने शैक्षिक लगानीमा विभेद गर्दछन् । यही विभेद कै कारणले गर्दा कूल छात्र छात्राको अनुपात ५०:४५ भएकोमा सामुदायिक विद्यालय १६:२३ छ भने संस्थागत विद्यालयमा ३४:२२ को अनुपात कायम भएको छ । यो अनुपातले अभिभावकहरुको छोरा र छोरीमा गर्ने वित्तिय लगानीको प्राथमिकतालाई प्रष्ट पार्दछ ।

देशमा संचालित संस्थागत र सामुदायिक विद्यालयहरुले समाजको आर्थिक वर्गलाई प्रतिनिधित्व गरी रहेका छन् । आर्थिक रुपमा सक्षम अभिभावकहरुले आफ्ना सन्तानलाई संस्थागत विद्यालय पढाउँछन भने आर्थिक विपन्नताका कारणले मात्र सामुदायिक विद्यालयमा विद्यार्थी आएका छन् । संस्थागत विद्यालयको उत्कृष्ट नतिजा तथा माध्यम भाषा अंग्रेजी भएका कारण उच्च शिक्षामा प्राविधिक विषयको अध्ययन गर्ने मौका संस्थागत विद्यालयका विद्यार्थीले प्राप्त गर्दछन् भने राज्यद्वारा प्रदत्त अवसरहरुको दोहन गर्न पनि उनीहरु नै सक्षम हुन्छन् । यसले गर्दा उच्च आर्थिक वर्गका मानिसहरु झन सवल हुँदै जाने र विपन्न वर्गका मानिसहरु प्रतिस्पर्धामा अझ पछि पर्दै जान्छन् । आर्थिक वर्गको विभेद अझ मौलाउँदै जान्छ ।

## ५.३ सुझावहरु

यस सोधकार्यको शिर्षक झापा जिल्ला गौरादह गा.वि.स. का अभिभावकहरुले छोरा छोरीको गर्ने वित्तिय लगानीको प्राथमिकता रहेको र यससँग सम्बन्धित क्षेत्रहरुमा गहन अध्ययन पश्चात देखिएका समस्यालाई समाधान गर्न केही सुझावहरु पेश गरेको छु ।

### ५.३.१ कार्यान्वयन तह

कार्यान्वयन तहमा रहेका विद्यालय तथा स्थानिय संघ संस्थाहरुले यो अवस्थामा सुधार गर्न केही कार्यहरु सञ्चालन गर्न आवश्यक देखिएको छ । सामुदायिक विद्यालयहरुको परीक्षा नतिजामा सुधार गर्न योजनाबद्ध ढंगले शैक्षिक कार्यक्रमहरु संचालन गर्नु आवश्यक देखिन्छ । सामुदायिक विद्यालयको व्यवस्थापन उत्कृष्ट बनाउनु पर्ने देखिन्छ । सामुदायिक

विद्यालयको व्यवस्थापनमा राजनैतिक प्रभाव कम गर्नु पर्ने देखिन्छ । सामुदायिक विद्यालयका अभिभावकहरुमा शैक्षिक सचेतनामूलक कार्यक्रमहरु संचालन गर्नु पर्ने देखिन्छ । छात्रछात्राको अनुपात दुवै विद्यालयमा समान बनाउन आवश्यक कार्यक्रमहरु संचालन गर्नु पर्ने देखिन्छ । छोरा र छोरीमा समान व्यवहार गर्न अभिभावकहरुलाई सचेत गराउन चेतनामूलक कार्यक्रम संचालन गर्नु आवश्यक देखिन्छ । सामुदायिक विद्यालयमा अध्यापन गर्ने शिक्षकहरुलाई आफ्ना सन्तानहरु सामुदायिक विद्यालयमै पढाउन उत्प्रेरित गर्नुपर्ने देखिन्छ । न्यून आर्थिक स्तर भएका छात्राहरुको लागि संस्थागत विद्यालयमा निश्चित आरक्षणको व्यवस्था गर्नु पर्ने देखिन्छ । सामुदायिक र संस्थागत विद्यालयको अन्तर न्यूनीकरण गर्न दुवै खाले विद्यालयले समन्यात्मक रुपमा कार्यक्रम संचालन गर्नु आवश्यक देखिन्छ । संस्थागत विद्यालयहरुले छात्रालाई आकर्षण गर्ने खालका कार्यक्रमहरु संचालन गर्न आवश्यक देखिन्छ । अभिभावकहरुले शैक्षिक लगानीमा छोरालाई प्राथमिकता दिने प्रचलनमा सुधार गर्नुपर्ने देखिन्छ ।

### ५.३.२ नीति निर्माण तह

नीति निर्माणको तहमा निम्न पक्षहरु सुधार गर्नु पर्ने देखिन्छ । शैक्षिक प्रशासनद्वारा सामुदायिक विद्यालयहरुमा नियमित अनुगमन र परामर्शसँग सम्बन्धित कार्यक्रमहरु संचालन गर्न आवश्यक देखिन्छ । राज्यद्वारासामुदायिक विद्यालयहरुमा पनि माध्यम भाषा अंग्रेजी बनाउनु आवश्यक देखिन्छ । राज्यको शैक्षिक लगानीको प्रभावकारीता प्राप्तिका लागि सामुदायिक विद्यालयहरुले आफ्नो शैक्षिक क्रियाकलापमा आमूल परिवर्तन गर्नुपर्ने देखिन्छ । राज्यद्वारा उच्च शिक्षाको प्राविधिक शिक्षा हासिल गर्न सामुदायिक विद्यालयबाट जाने छात्र छात्राहरुलाई प्राथमिकता दिनुपर्ने देखिन्छ । शिक्षासँग सरोकार राख्ने सरकारी निकायहरुले समन्वय गरी सामुदायिक विद्यालयहरुलाई पनि संस्थागत विद्यालयको समकक्षमा पुऱ्याउन अन्तर हुने कारणको विश्लेषण गरी निराकरणका उपाय अपनाउनु पर्ने देखिन्छ । शिक्षा जस्तो आधारभूत वस्तुमा देखिने आर्थिक तथा लैङ्गिक विभेदको अन्त्य गर्न सरकारले उपयुक्त शैक्षिक नीति निर्माण गरी कार्यान्वयन गर्नु पर्ने देखिन्छ ।

### ५.३.३ अनुसन्धान तह

यो शोधले उठान गर्न खोजेको मूल विषय लैङ्गिक समानताको प्रश्न हो । सुन्दर र समतामूलक समाजको निर्माणको परिकल्पना साकार बनाउन लैङ्गिक समानता आवश्यक हुन्छ । गौरादह गा.वि.स. मा माध्यमिक तहमा अध्ययनरत छात्र छात्राहरुको अनुपात अध्ययनबाट निकालिएका निष्कर्षहरुको आधारबाट लैङ्गिक समानताका अन्य पक्षहरुमा अनुसन्धान गर्ने प्रस्सत सम्भावनाहरु रहेका छन् । अध्ययताहरुले आधारभूत तथा उच्च शिक्षामा छात्र छात्राको स्थिति र अवस्था वारे शोध अध्ययन गर्न सक्नु हुन्छ । कामको संसारमा महिला र पुरुषको अनुपात अध्ययन गरेर वास्तविक रुपमा महिलाहरुको अवस्था चित्रण गर्न सक्ने सम्भावना छ । प्राविधिक विषय अध्ययन गर्ने छात्र छात्राको अनुपात विश्लेषण गरेर पनि लगानीको प्राथमिकता पहिचान गर्ने प्रस्सत ठाउँ रहेको छ । अध्ययताहरुलाई यो विषयसँग सम्बन्धित रहेर अध्ययन गर्न सुझाव प्रस्तुत गर्दछु ।

# सन्दर्भ सूची


आचार्य, सुशन, (२०६३), **दुर शिक्षा तालिम अनुगमनमा लैङ्गिक समानताका प्रश्नहरु,** भक्तपुर : दुर शिक्षा, शैक्षिक जनशक्ति विकास केन्द्र ।

काफ्ले, वाशुदेव र साथीहरु, (२०६३), **शिक्षाको वित्तशास्त्र,** काठमाण्डौ : सनलाइट पब्लिकेशन काठमाण्डौ

कुवर, तिलक, (२०६२), **अछाम जिल्लाको प्राथमिक विद्यालयहरुको वित्तिय स्थितिले सिकाइ उपलब्धीमा पारेका प्रभाव : एक अध्ययन**

कोइराला, विद्यानाथ, श्रेष्ठ चन्द्रवहादुर, (२०६३), **शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार**, काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, श्रीप्रसाद र मुडवरी, नवराज, (२०६३), **शैक्षिक अनुसन्धानपद्धतिको परिचय**, काठमाण्डौ : क्षितिज प्रकाशन ।

खनाल, पेशल, (२०६०), **अनुसन्धान पद्धतिको परिचय** काठमाण्डौ : स्टुडेण्ट वुक्स पब्लिसर्स एण्ड डिस्ट्रीव्युटर्स ।

खनाल, मुकुन्दमणी र आचार्य, सुशन, (२०६३), **शिक्षाको वित्तिय अर्थशास्त्र** काठमाण्डौ : मकालु प्रकाशन गृह ।

वरुवाल, पुष्पवहादुर, (२०५६), **काठमाण्डौ जिल्लाका माध्यमिक विद्यालयको शिक्षण सिकाइ क्रियाकलापमा प्रधानाध्यापकको भूमिका : एक अध्ययन** (अप्रकाशित शोधपत्र) काठमाण्डौ : महेन्द्र रत्न क्याम्पस ।

शर्मा, गोपिनाथ, (२०५७), **नेपालको शैक्षिक इतिहास,** काठमाण्डौ : लुम्बिनी पुस्तक भण्डार

सिन्हा, राम स्वरुप, (२०६०), **काठमाण्डौ जिल्लाका माध्यमिक विद्यालयहरुका वित्तिय स्थितिले सिकाइ उपलब्धीमा पारेको प्रभाव : एक अध्ययन** (अप्रकाशित शोधपत्र) काठमाण्डौ : महेन्द्र रत्न क्याम्पस ।

अनुसूची १

## माध्यमिक तहका वालवालिकामा अभिभावकको वित्तिय लगानी

### सामुदायिक विद्यालयका अभिभावकको लागि प्रश्नावली

१. सामुदायिक विद्यालय मै छोरा छोरी अध्ययन गर्न पठाउनुको कारण के हो ?

क) गुणस्तर राम्रो भएर    ख) राज्यको लगानी सदुपयोग गर्न

ग) आर्थिक अवस्था कमजोर भएर    घ) छोरा छोरीको चाहना अनुसार

२. सामुदायिक विद्यालयमा माध्यमिक तह अध्ययन गर्दाको शैक्षिक लगानी कस्तो छ ?

क) लगानी खासै हुदैन    ख) अवसर लागत मात्र हो

ग) छात्रवृत्ति पनि पाइन्छ    घ) त्यो अर्च पनि अभाव छ

३. छोरा र छोरी दुवैलाई एकै खाले विद्यालयमा पढाउनु हुन्छ ?

क) दुवैलाई एउटैमा    ख) छोरालाई सामुदायिक र छोरीलाई संस्थागत

ग) छोरीलाई सामुदायिक र छोरालाई संस्थागत

४. सामुदायिक विद्यालयको व्यवस्थापन र संचालन प्रकृयासँग सन्तुष्ट हुनुहुन्छ ?

क) पूरै सन्तुष्ट छु    ख) ठिकै छ    ग) असन्तुष्ट छु    घ) सुधार गर्नु पर्छ

५. छोरा र छोरीमा गरेको शैक्षिक लगानी मध्ये कुनबाट बढी प्रतिफल पाउने आशा गर्नुहुन्छ ?

क) छोरामा गरेको लगानी    ख) छोरीमा गरेको लगानी

ग) दुवै लगानी समान महत्वपूर्ण    घ) शैक्षिक लगानी नै व्यर्थ

अनुसूची २

## माध्यमिक तहका वालवालिकामा अभिभावकको वित्तिय लगानी

### संस्थागत विद्यालयका अभिभावकको लागि प्रश्नावली

१. सरकारले निःशुल्क शिक्षा प्रदान गर्दा गर्दै छोरा छोरीहरुलाई किन संस्थागत विद्यालयमा पढाउनु भएको ?

क) गुणस्तर राम्रो भएर　　ख) वालकको इच्छा बमोजिम

ग) माध्यम भाषा अंग्रेजी भएर　　घ) व्यवस्थापन तथा सञ्चालन पक्ष राम्रो

२. माध्यमिक तह पार गर्न संस्थागत विद्यालयमा तिर्नु पर्ने शुल्क कस्तो लाग्छ ?

क) ठिकै छ　　ख) अत्यन्त महगो

ग) उपलब्धीको तुलनामा कम　　घ) प्रतिफलको लागि लगानी आवश्यक

३. माध्यमिक तहमा तपाईले गर्ने शैक्षिक लगानीको प्रतिफल प्राप्त होला जस्तो लाग्छ ?

क) पुरै प्राप्त हुन्छ　　ख) अवसर पाए मात्र

ग) थाहा छैन　　घ) शिक्षामा लगानी गर्नु सामाजिक आवश्यकता

४. आफ्ना सवै सन्तानलाई संस्थागत विद्यालयमै पढाउनु हुन्छ ?

क) छोरालाई मात्र　　ख) छोरीलाई मात्र　　ग) सवैलाई

५. शैक्षिक लगानीको प्राथमिकता कसलाई दिनु हुन्छ ?

क) छोरालाई　　ख) छोरीलाई　　ग) दुवैलाई

अनुसूची ३

## माध्यमिक तहका वालवालिकामा अभिभावकको वित्तिय लगानी

### संस्थागत/सामुदायिक विद्यालयका शिक्षकहरुको लागि प्रश्नावली

१. तपाइले आफ्ना सन्तान कस्तो विद्यालयमा पढाउनु हुन्छ ?

क) सामुदायिक ख) संस्थागत ग) धार्मिक घ) विदेशी संस्था

२. सामुदायिक र संस्थागत विद्यालयको परीक्षा परिणाममा अन्तर देखिने मूल कारण के हो?

क) व्यवस्थापना तथा प्रशासन ख) अभिभावकहरुको आर्थिक स्तर र सचेतना

ग) शिक्षकहरुको दक्षता र लगनशिलता घ) लगानी प्रति अभिभावकहरुको चासो

ङ) माथिका सबै

३. संस्थागत विद्यालयमाहरुमा विद्यार्थी चाँप बढनुको कारण के हो ?

क) माध्यम भाषा अंग्रेजी भएर ख) कडा अनुसार भएर

ग) स्वतन्त्र व्यवस्थापन गर्न सक्ने भएर घ) गुणस्तर राम्रो भएर

४. माध्यमिक तहमा छात्र छात्राको अनुपात कस्तो पाउनु हुन्छ ?

क) छात्राको अनुपात बढी ख) छात्रको अनुपात बढी ग) अनुपात समान छ

५. विद्यालयमा छात्र छात्राको अनुपात नमिल्नुको कारण केलाई मान्नु हुन्छ ?

क) जनसङ्ख्याको आकार नै त्यस्तो हो

ख) अभिभावकहरु लगानीमा छोरालाई प्राथमिकता दिन्छन

ग) छात्र छात्राको रुची नै त्यस्तो हुन्छ

घ) छात्राको तुलनामा छात्रहरु बदमास हुने भएर

अनुसूची ४

## माध्यमिक तहका वालवालिकामा अभिभावकको वित्तिय लगानी

संस्थागत/सामुदायिक विद्यालयका छात्र छात्राहरुको लागि प्रश्नावली

१. तपाईले सामुदायिक/संस्थागत विद्यालय रोज्नुको कारण के हो ?

क) अभिभावकको निर्देशन अनुसार ख) गुणस्तर राम्रो भएर

ग) आर्थिक अभाव भएर घ) आफ्नो चाहना अनुसार

२. तपाइका सवै दाजु भाई वा दिदी वहिनी एकै खाले विद्यालयमा पढनु हुन्छ ?

क) सवै एकै खाले विद्यालयमा ख) दाजु भाई संस्थागतमा

ग) दिदी वहिनी संस्थागतमा घ) दिदी वहिनी सामुदायिकमा

३. सामुदायिक र संस्थागत विद्यालयमा के अन्तर पाउनु हुन्छ ?

क) दुवै विद्यालय समान हो ख) संस्थागत विद्यालयहरु उत्कृष्ट छन

ग) सामुदायिक विद्यालय राम्रो

४. तपाईले अध्ययन गरेको कक्षामा छात्र छात्राको अनुपात कस्तो छ ?

क) छात्रको संख्या बढी छ ख) छात्राको संख्या बढी छ

ग) अनुपात समान छ

५. विद्यालयमा छात्रा छात्रको अनुपात समान नहुनुको कारण के हो ?

क) छोराहरुलाई कडा अनुशासन चाहिएर

ख) अभिभावकहरुको लगानी गर्ने प्रवत्ति फरक भएर

ग) छोराहरुमा गलानी गर्दा प्रत्यक्ष प्रतिफल पाउने भएर

घ) सांस्कृतिक कारणले गर्दा

अनुसूची ५

## माध्यमिक तहका वालवालिकामा अभिभावकको वित्तिय लगानी

### विद्यालयका प्राचार्य तथा स्रोत व्यक्तिका लागि अन्तरवार्ता प्रश्नावली

१. सामुदायिक र संस्थागत विद्यालयको नतिजा अन्तरको कारण के हो ?

२. विद्यालयमा माध्यमिक तह पार गराउन अभिभावकले चुकाउनु पर्ने शुल्क ?

३. छात्र छात्राको अनुपात कस्तो छ ?

४. अनुपात नमिल्नुको कारण ?

५. फरकपर्नाको  कारक तत्वहरु के के हुन् ?

६. विद्यालयमा आय स्रोत पर्याप्त छ ?

७. अभिभावकले समयमै शुल्क तिर्न सकेका छन् ?

८. विद्यार्थीबाट असुल गरेको शुल्क सही क्षेत्रमा खर्च भएको छ ?

अनुसूची ६

## माध्यमिक तहका वालवालिकामा अभिभावकको वित्तिय लगानी

प्रिन्सिपलहरुको नामावली

| क्र.स. | प्रिन्सिपलहरुको नाम, थर | विद्यालयको नाम, ठेगाना |
|---|---|---|
| १. | श्री वुद्धिमान कार्की | जनता उच्च मा.वि., गौरादह |
| २. | श्री नारायणप्रसाद घिमिरे | माउण्ट एभरेष्ट मा.वि., गौरादह |
| ३. | श्री गोपाल वराल | विद्योदय शिशु सदन, गौरादह |
| ४. | श्री भिमविजय वाँस्तोला | ज्ञानज्योति मा.वि., गौरादह |
| ५. | श्री कृष्ण बास्कोटा | सनराइज मा.वि., गौरादह |

स्रोत : स्थलगत अध्ययन-०६८